
# शिक्षक निर्देशिका

## मेरो नेपाली



1.4957
DC-n
2063

कक्षा - २

# मेरो नेपाली

# शिक्षक निर्देशिका

## कक्षा - २

नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

**प्रकाशक**
नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

© सर्वाधिकार प्रकाशकमा, २०६३

यस निर्देशिकासम्बन्धी सम्पूर्ण अधिकार पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुरमा निहित छ । पाठ्यक्रम विकास केन्द्रको लिखित स्वीकृतिविना यसको पूरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधन वा अन्य प्रविधिबाट रेकर्ड गर्न र प्रतिलिपि निकाल्न पाइने छैन ।

प्रथम संस्करण, २०६३

**मुद्रण**

यस निर्देशिकासम्बन्धी पाठकहरूका कुनै पनि प्रकारका सुझावहरू भएमा *पाठ्यक्रम विकास केन्द्र, सम्पादन तथा प्रकाशन शाखा*मा पठाइदिनुहुन अनुरोध छ । पाठकहरूबाट आउने सुझावहरूलाई यो केन्द्र स्वागत गर्दछ ।

# हाम्रो भनाइ

विद्यालय तहको शिक्षालाई उद्देश्यमूलक, व्यावहारिक, समसामयिक र रोजगारमूलक बनाउन विभिन्न समयमा पाठ्यक्रम, पाठ्यपुस्तक विकास तथा परिमार्जन गर्ने कार्यलाई निरन्तरता दिइँदै आएको छ । विद्यार्थीमा राष्ट्र, राष्ट्रिय एकता तथा लोकतान्त्रिक संस्कारको भावना पैदा गराई नैतिकता, अनुशासन र स्वावलम्बनजस्ता सामाजिक एवम् चारित्रिक गुण तथा आधारभूत भाषिक तथा गणितीय सीपको विकास गरी विज्ञान, सूचना प्रविधि, वातावरण र स्वास्थ्यसम्बन्धी आधारभूत ज्ञान र जीवनोपयोगी सीपको विकास तथा भाषिक आवश्यकता पूर्तिका लागि पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य पूरक तथा सहायक सामग्री तयार गर्ने क्रममा कक्षा २ मा पठनपाठन गराउने शिक्षकहरूका लागि यो ***नेपाली शिक्षक निर्देशिका – कक्षा*** २ तयार पारिएको हो ।

यो निर्देशिका प्रा.डा. केदार शर्मा, जयप्रसाद लम्साल, गणेशप्रसाद भट्टराई, विष्णुप्रसाद अधिकारी र शिवप्रसाद उप्रेती रहेको कार्यदलबाट लेखन भएको हो । यसको थप परिमार्जन शिक्षक कार्यशालाबाट भई सम्बन्धित विषयसमितिबाट अन्तिम रूप प्रदान गरिएको हो । यसको थप परिमार्जन कार्यमा हरि बोल खनाल, लक्ष्मीप्रसाद खत्री र शम्भुप्रसाद दाहालको समेत महत्त्वपूर्ण भूमिका रहेको छ । यसको विषयवस्तु गणेशप्रसाद भट्टराई, भाषासम्पादन, विष्णुप्रसाद अधिकारी र लोकप्रकाश पण्डित र टाइप तथा लेआउट अनिलकुमार थापाबाट भएको हो ।

शिक्षक निर्देशिका शिक्षकहरूलाई कार्यगत प्रशिक्षण दिने तथा शिक्षण प्रविधिमा सधैँ सक्रिय राख्ने पूरक सामग्री हो । यसमा पाठ्यक्रम र पाठ्यपुस्तकमा निर्देश गरिएका सिकाइउपलब्धि/विशिष्ट उद्देश्य तथा विषयवस्तुको विश्लेषण वा शिक्षणसिकाइका क्रममा शिक्षकले अपनाउनुपर्ने विधि तथा विद्यार्थीको सिकाइउपलब्धि आकलन गर्ने तरिका दिइएको छ । यसले प्रबन्धात्मक/वर्णनात्मक शैलीलाई भन्दा विद्यार्थीकेन्द्रित र क्रियाकलापमुखी विधिलाई अपनाएको छ । यसमा निर्देश गरिएका क्रियाकलापलाई व्यवहारमा हुबहु उतार्नुभन्दा पनि यसका आधारमा अनेकौँ अभ्यास/क्रियाकलाप बनाई तिनमा विद्यार्थीलाई सहभागी गराउन सके उनीहरूले प्रभावकारी र प्रयोगात्मक रूपमा ज्ञान, सीप र धारणा सिक्ने अवसर पाउने तथा सिकेका कुरालाई व्यवहारमा उतार्न सक्ने छन् भन्ने अपेक्षा गरिएको छ । शिक्षकलाई निरन्तर सहयोग पुऱ्याओस् भन्ने उद्देश्यले तयार पारिएको यस निर्देशिकाको माध्यमले कक्षाका सबै क्षमताका विद्यार्थीको सिकाइउपलब्धिलाई वैयक्तिक रूपमै आकलन गर्न सके शिक्षक निर्देशिकाको प्रयोग सार्थक र प्रभावकारी हुने छ ।

भाषा शिक्षण शिक्षकको पेसागत लगन तथा विद्यार्थीले प्राप्त गर्ने भाषिक वातावरणमा निर्भर रहन्छ । शिक्षणअनुभव र व्यावहारिक दक्षताका आधारमा शिक्षकले प्रयोग गर्ने विधि तथा क्रियाकलाप अझ प्रभावकारी हुन सक्छन् । यसलाई अझ व्यावहारिक बनाउन दक्ष शिक्षकहरूबाट रचनात्मक सुझावको समेत अपेक्षा गरिएको छ ।

नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**

# यस निर्देशिकाको प्रयोग सम्बन्धमा

प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ अनुसार परिमार्जन गरिएको कक्षा १ को नेपाली विषयको पाठ्यपुस्तकका आधारमा यो शिक्षक निर्देशिका तयार पारिएको छ । यसमा पाठ्यपुस्तकमा रहेका विभिन्न पाठहरू शिक्षण गर्ने क्रममा सुनाइ, बोलाइ, पढाइ र लेखाइजस्ता भाषिक सीपका क्रियाकलाप गराउन सजिलो हुने गरी पाठगतरूपमा पाठ्यभार छुट्याइएको छ । विद्यार्थीमा भाषिक सीप विकास होस् र शिक्षणसिकाइ क्रियाकलापमा विद्यार्थी सहभागिता र सक्रियता बढोस् भन्ने उद्देश्यले शिक्षक निर्देशिकाका विभिन्न पाठमा विविध क्रियाकलाप समावेश गरिएको छ । शिक्षणसिकाइबाट विद्यार्थीहरूमा पठन अभिरुचि, सिर्जनशीलता र भाषा प्रयोगमा आत्मविश्वास जाग्नुका अतिरिक्त भाषालाई शुद्धसँग सुन्न, बोल्न, पढ्न र लेख्न सक्ने दक्षताको विकास हुन सकोस् भन्ने अभिप्रायले यसमा समावेश भएका क्रियाकलापलाई विद्यार्थीमुखी बनाउने प्रयत्न गरिएको छ ।

भाषिक सीप विकासका लागि व्याख्यानजस्ता विधिभन्दा छलफल, प्रश्नोत्तरलगायत विद्यार्थीले गरेर सिक्ने खालका विधिको चयन गर्नुपर्छ । कक्षाकोठामा मातृभाषा नेपाली हुने र नहुने दुवै थरी विद्यार्थीका लागि एउटै क्रियाकलाप अपर्याप्त हुन सक्छ । यसर्थ नेपाली भाषा शिक्षकले आवश्यकतानुसार शिक्षण विधि र क्रियाकलाप चयन गर्न सक्छन् तापनि यसमा शिक्षण सहजीकरणका लागि केही विधि तथा क्रियाकलाप निर्देश गरिएको छ । शिक्षक निर्देशिकाका पाठहरूमा उद्देश्य, शैक्षिक सामग्री, शिक्षणसिकाइ क्रियाकलाप, मूल्याङ्कन र थप सुझाव शीर्षकमा शिक्षकका लागि उपयोगी ठानिएका विविध पक्ष उल्लेख गरिएको छ । कक्षाशिक्षणपूर्व नै यसको अध्ययन गरी उपयोगी निर्देशनको प्रयोग गरेर पाठयोजना बनाउने गरेमा यसले पाठ्यक्रमका उद्देश्य पूरा गर्न महत्त्वपूर्ण सहयोग पुऱ्याउने छ । यसैगरी यसमा पाठ्यपुस्तकका अभ्यासहरूलाई क्रमैसँग गराउन र अभ्यास क्रियाकलाप गराउनुपर्ने पूर्वतयारी सम्बन्धमा निर्देश गरिएको छ । यसमा दिइएका क्रियाकलाप नमुना मात्र हुन्, शिक्षकले यिनकै आधारमा बढीभन्दा बढी अभ्यास क्रियाकलाप कक्षाकार्य र प्रयोगका रूपमा गराएर भाषिक दक्षता विकास गर्नुपर्ने हुन्छ ।

यस निर्देशिकामा पाठका लागि छुट्याइएका घन्टी अनुमानित मात्र हुन् । शिक्षकहरूले शिक्षणसिकाइका क्रममा यसलाई परिवर्तन गर्न सक्नुहुने छ । यसैगरी पाठ शिक्षणका लागि सङ्केत गरिएका क्रियाकलापलाई पनि छोट्याउन, लम्ब्याउन तथा थपघट गर्न सकिने छ । भाषा सिकाइमा विद्यार्थीमा वैयक्तिक भिन्नता, त्रुटि, समस्या र सक्षमता देखिने भएकाले सिकाइ क्रियाकलापलाई वैयक्तिक बनाई कक्षाका सबै क्षमताका विद्यार्थीको सिकाइउपलब्धिलाई वैयक्तिक रूपमै आकलन गर्न सक्ने शिक्षक निर्देशिकाको प्रयोग सार्थक र प्रभावकारी हुने छ ।

# विषयसूची


| क्र. स. | | विषयवस्तु | पृष्ठसङ्ख्या |
|---|---|---|---|
| पाठ | १. | नानी बाबु | १ |
| पाठ | २. | सिंह र खरायो | ४ |
| पाठ | ३. | मौरीको मह | ७ |
| पाठ | ४. | दीपक र प्रहरी दाइ | १० |
| पाठ | ५. | झन्डा फरर | १३ |
| पाठ | ६. | चलाख फ्याउरो | १५ |
| पाठ | ७. | गुनिलो जनावर गाई | १८ |
| पाठ | ८. | मामामाइजू | २० |
| पाठ | ९. | पुस्तक | २४ |
| पाठ | १०. | मान्छेको बुद्धि | २६ |
| पाठ | ११. | नाच्यो जुरेली | २९ |
| पाठ | १२. | स्यालको जुक्ती | ३१ |
| पाठ | १३. | गौँथलीको गुँड | ३४ |
| पाठ | १४. | लाक्पा र पासाङ | ३७ |
| पाठ | १५. | के कहाँ बस्छ ? | ४० |
| पाठ | १६. | फेरि मुसो भएस् | ४२ |
| पाठ | १७. | लुम्बिनी | ४५ |
| पाठ | १८. | हाम्रो देश नेपाल | ४८ |
| पाठ | १९ | टिल्लीले धेरै मानिस बचाइन् | ५० |

## पाठ एक नानी बाबु

**अनुमानित घन्टी – १२**

१. **उद्देश्य**

**यस पाठका अन्त्यमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) पाठमा भएका शब्दहरू सुनी शुद्ध उच्चारण गर्न,

(ख) सुनेका साधारण निर्देशन पालन गर्न,

(ग) पाठमा भएका चित्रको वर्णन गर्न,

(घ) 'नानी बाबु' भन्ने बालगीत र स्थानीय गीत हाउभाउ र लयका साथ गाउन,

(ङ) पाठमा भएका विषयवस्तुका बारेमा साधारण प्रश्नोत्तर गर्न,

(च) हिज्जे मिलाएर सग्ला अक्षरले बनेका परिचित शब्द लेख्न,

(छ) परिचित शब्दहरूको श्रुतिलेखन गर्न,

(ज) सरल वाक्य पढ्न ।

२. **शैक्षिक सामग्री**

घाम, जुन, हिमाल, धारो/कुवा/इनार आदिका चित्र ।

३. **शिक्षणसिकाइ क्रियाकलाप**

(क) घाम, जुन, हिमाल, धारो/कुवा/इनार आदिका चित्र पालैपालो देखाएर यो के हो, धारा /कुवा/ इनारमा के पाइन्छ, हिउँदमा जाडो हुन्छ कि गर्मी भन्ने प्रश्न सोध्नुहोस् ।

(ख) पाठमा केकेका चित्र छन्, जून कहाँ हुन्छ, घाम कहाँ हुन्छ, हिमालमा के हुन्छ भन्ने जस्ता प्रश्न सोध्नुहोस् ।

(ग) आफूले हाउभाउ र लयका साथ 'नानी बाबु' भन्ने बालगीत गाएर विद्यार्थीहरूलाई सुनाउनुहोस् ।

(घ) पाठको गीतका एकदुई लाइन पहिले आफूले गाएर पछि विद्यार्थीलाई समूहमा गाउन लगाउनुहोस् ।

(ङ) विद्यार्थीलाई पहिले समूह र पछि एक्लाएक्लै नानी बाबु बालगीत गाउन लगाउनुहोस् ।

(च) विद्यार्थीलाई शिक्षण निर्देशनमा भनिएजस्तै आज राम्रो पढे के हुन्छ, तिमी राम्रो भए के हुन्छ भन्ने जस्ता प्रश्न सोध्नुहोस् ।

(छ) अभ्यास नं. ७ मा दिइएजस्तै शब्दको अनुलेखन गराउनुहोस् र परिचित शब्दमा अक्षर यताउति पारी विद्यार्थीलाई ठीक शब्द बनाएर सार्न लगाउनुहोस्, जस्तै : नीसा, नीबा, रघ, रालोबि, नजू, राके, धेरोपँ, उँना, पीका, लमक, नव, यामा, लपाने, राघे ।

(ज) पाठ्यपुस्तकका सबै अभ्यास गर्न लगाउनुहोस् ।

यो सुरुको पाठ भएकाले विद्यार्थीलाई कक्षा १ सँग तुलना गर्दै सबभन्दा पहिले वर्णमालाका वर्णहरू उच्चारण गर्न र त्यसपछि सरल शब्दहरूले उच्चारण गर्न लगाउनु बेस हुन्छ । यसै गरी विद्यार्थीलाई तलका जस्ता छोटा स्थानीय र उपयोगी गीत सुनाएर पनि अभ्यास गराउनुहोस् :

ए नानी कान्छा

तयार भयो भान्छा

काउलीको तरकारी

बारीमा काम छ

थलियामा काम छ

हात धुनुपर्ला कि !

पाठका अभ्यास गराउनुपूर्व शिक्षकले स्थानीय क्षेत्रमा प्रचलित गीत गाएर सुनाउनुहोस् र विद्यार्थीलाई पनि गाउन लगाउनुहोस् । त्यस्तै स्थानीय लोककथाहरू सुनाउनुहोस् र विद्यार्थीलाई पनि त्यस्ता कथा भन्न लगाई सुनिदिनुहोस् ।

(झ) परिचित शब्दहरूको श्रुतिलेखन गराउनुहोस् । यसै क्रममा पाठ्यपुस्तकका अभ्यास नं. १० जस्ता पर्याप्त अभ्यास बनाएर गराउनुहोस् । यसपूर्व यसैसाथ रहेको निर्देशन राम्ररी पढ्नुहोस् । यसै क्रममा सरल वाक्य सुनाएर ती वाक्य भन्न पनि लगाउनुहोस् ।

जस्तै :

- म पढ्छु ।
- कलमले लेख्छ ।
- भात पाक्यो ।
- म नुहाउँछु ।
- मेरो नाम बलराम हो । आदि ।

(ञ) विद्यार्थीलाई आफूले मन परेको चित्र बनाउन लगाएर त्यसको नाम लेख्न र त्यसका बारेमा वर्णन गर्न लगाउनुहोस् ।

## ४. मूल्याङ्कन

(क) विद्यार्थीहरूलाई आलोपालो 'नानी बाबु' बालगीत र अन्य स्थानीय गीत गाउन लगाएर उनीहरूको हाउभाउ, लय र शब्द उच्चारणको लेखाजोखा गर्नुहोस् ।

(ख) विद्यार्थीहरूले पाठमा भएका चित्र र उनीहरू आफैँले बनाएका चित्र कत्तिको प्रस्टसँग वर्णन गरे, लेखाजोखा गर्नुहोस् ।

(ग) विद्यार्थीलाई जोडा मिलाउन र पढ्न दिएका अभ्यास हेर्नुहोस् र सुन्नुहोस् ।

(घ) विद्यार्थीले सोधेका प्रश्नको कस्तो उत्तर दिए, लेखाजोखा गर्नुहोस् ।

(ङ) लेख्न दिएका शब्द र वाक्य विद्यार्थीले हिज्जे, मात्रा मिलाएर लेखेका छन् छैनन् जाँच्नुहोस् ।

(च) विद्यार्थीले सुनेर राम्रोसँग लेखेनलेखेको ख्याल गरी जाँच्नुहोस् ।

**५. थप सुझाव**

पाठ पढाउनुपूर्व नै पाठ तथा अभ्यासका विभिन्न ठाउँमा दिइएका निर्देशन राम्रोसँग अध्ययन गरी पूर्वतयारी गर्नुहोस् ।

(क) यस पाठलाई लगभग १२ घन्टी छुट्याइएको छ । यस अवधिमा विद्यार्थीलाई पाठको बालगीत र स्थानीय गीतको अभ्यास गराउने र पाठका बाँकी अभ्यास पनि गराएर विद्यार्थीलाई चाहेअनुसार सिकेका छन् छैनन् भन्ने बारेमा ख्याल गर्नुपर्दछ । केही विद्यार्थीले सिकेका आधारमा बाँकी विद्यार्थीलाई आवश्यकतानुसार थप अभ्यास नै नगराई पाठ अगाडि बढाउनुहोस् । कमजोर विद्यार्थीका लागि थप अभ्यास गराउन तोकिएको १२ घन्टी कम भए पुछारका पाठमा केही घन्टी कम गर्ने गरी अगाडिका पाठलाई थप समय दिनुपर्छ । आलोपालो गरेर सबै विद्यार्थीको सिकाइको ख्याल गर्नु र उनीहरूले सिक्न नसकेको पाइएमा आवश्यकतानुसारको थप अभ्यास गराउनु निरन्तर विद्यार्थी मूल्याङ्कनको मूल ध्येय हो ।

(ख) पाठ्यपुस्तकमा दिइएका निर्देशन अध्ययन गरी त्यसलाई व्यवहारमा उतार्नुहोस् ।

## पाठ दुई सिंह र खरायो

**अनुमानित घन्टी – १४**

१. **उद्देश्य**

**यस पाठका अन्त्यमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) 'सिंह र खरायो' कथा सस्वरवाचन गर्न,

(ख) पाठका सन्दर्भमा प्रश्नोत्तर गर्न,

(ग) सरल शब्दको श्रुतिलेखन गर्न,

(घ) सरल वाक्यको अनुलेखन नर्ग ।

२. **शैक्षिक सामग्री**

(क) पाठका चित्र/खरायो र सिंहका चित्र

(ख) चित्रपत्ती/शब्दपत्ती

३. **शिक्षणसिकाइ क्रियाकलाप**

(क) पाठ्यपुस्तकको पाठ राम्ररी पढेर शिक्षणसिकाइ सामग्री र पढाउने विधिबारे स्पष्ट भई पाठयोजना तयार पार्नुहोस् ।

(ख) पाठका चित्रहरू देखाउँदै विभिन्न प्रश्न गरेर विद्यार्थीहरूलाई पढाइप्रति अभिप्रेरित गर्नुहोस् :

- खरायो कहाँ छ ?
- सिंह के गर्दै छ ?
- जनावर के गर्दै छन् ?
- तिमीले इनार देखेका छौ ?
- बाटामा एक्कासि सिंह भेटियो भने तिमी के गर्छौ ?

यी प्रश्नका उत्तर सुन्दै विद्यार्थीलाई कथा पठनका लागि तत्पर बनाउनुहोस् ।

(ग) कक्षाका कुनै/केही विद्यार्थीलाई यो पाठ पढेर सुनाउन लगाउनुहोस् । उनीहरूले पढ्न नजानेमा आफैँले पढिदिएर उनीहरूलाई पुस्तक हेर्न लगाउनुहोस् । यसपूर्व पाठ्यपुस्तकको नौ पृष्ठको शिक्षण निर्देशन राम्ररी पढ्नुहोस् ।

(घ) विद्यार्थीलाई पालैपालो यो कथा पढ्न लगाउनुहोस् र उनीहरूलाई उच्चारण गर्न गाह्रो लागेका शब्द कालोपाटीमा टिप्नुहोस् । यसपछि सबै विद्यार्थीलाई पालैपालो स्पष्टसँग उच्चारण गर्न लगाउनुहोस् । पटकपटक अभ्यास पनि गराउनुहोस् । विद्यार्थीले आफूलाई गाह्रो लाग्ने शब्द थाहा नपाउन सक्छन् । सस्वरपठनमा विद्यार्थीलाई उच्चारण गर्न गाह्रो भएका शब्द

शिक्षक आफैँले टिपोट गर्नुहोस् र दुईतीन पटक शुद्ध उच्चारण गरी सुनाएर त्यसैअनुसार उच्चारण अभ्यास पनि गराउनुहोस् ।

उच्चारण अभ्यासका लागि यस्ता शब्द सुनाउनुहोस् :

एउटा, बाघ, सिंह, हात्ती, गैँडा, बाँदर, ढुङ्गा, सल्लाह, खान्थ्यो, गर्जेर, राज्य, मूर्ख, बाँच्न, स्याबासी, बाटो, जिउँदो, रिस, ढिलो आदि ।

(ङ) यस कथामा विद्यार्थीले विभिन्न शब्दको अर्थ नजान्न सक्छन्, त्यस्ता शब्दका बारेमा प्रश्नोत्तर गराएर, चित्र देखाएर र वाक्यमा प्रयोग गरेर ती शब्दको अर्थ स्पष्ट पारिदिनुहोस् । यसै क्रममा स्थानीय अन्य शब्दको पनि समुचित रूपमा प्रयोग गर्नुहोस् ।

(च) विद्यार्थीलाई यो कथा मुखैले भन्न लगाउनुहोस् । यसै क्रममा उनीहरूलाई आफूले जानेका कथासमेत भन्न लगाई त्यसका बारेमा पनि छलफल गराउनुहोस् । उनीहरूले सुनाएका कथाहरूमा बीचमा समस्या देखाएर थप प्रश्नोत्तर गर्नुहोस् । उदाहरणार्थ: यस कथामा यदि इनारमा सिंहले खरायो नदेखेको भए के हुन्थ्यो होला भनी उनीहरूलाई सिर्जनात्मक विचार प्रस्तुत गर्न वा अन्य कथा बनाउन पनि अभिप्रेरित गर्नुहोस् ।

(छ) पाठको अभ्यास नं. १ गराउनुहोस् । लेख्न सक्ने विद्यार्थीलाई उत्तर लेख्ने कक्षाकार्य वा गृहकार्य दिनुहोस् । तल दिइएजस्ता शब्द सुनाएर भन्न लगाउनुहोस् :

पँधेरी, अँधेरी, जुनेली, परेली, राम्रो, चाम्रो, काम्रो, अग्लो, सग्लो, चाक्लो, बाक्लो, दाम्लो, मातृभूमि, पितृभूमि, मृग, कृष्ण आदि ।

(ज) पाठको अभ्यास नं. २ र ३ गराउनुहोस् ।

(झ) पाठको अभ्यास नं. ४ गराउनुहोस् र यस्तै अरू अभ्यास बनाएर पढ्न लगाउनुहोस् ।

(ञ) अभ्यास नं. ५ गराउनुहोस् । यहाँ दिइएका शब्द नमुना मात्र हुन् । तपाईंले कक्षाका विद्यार्थीको स्तर हेरी उनीहरूले नजान्ने अरू शब्द पनि टिपोट गरी तिनको समेत अर्थ बताइदिनुहोस् ।

(ट) पाठ्यपुस्तकको ६ र ७ नं. अभ्यास गराउनुहोस् । यस्तै अरू शब्द दिई सबै विद्यार्थीलाई अभ्यास गराउनुहोस् र क्षमतावान् विद्यार्थीलाई वाक्यसमेतको अनुलेखन गराउनुहोस् ।

(ठ) पाठ्यपुस्तकको ८ नं. अभ्यास गराउनुहोस् । यस क्रममा उनीहरूले जानेका / देखेका स्थानीय परिवेशका जनावरको चित्र बनाई नाम लेख्ने कुरामा बढी जोड दिनुहोस् । चित्र राम्रो बनाउने भन्दा पनि शब्द जान्ने कुरामा बढी ध्यान दिनुहोस् ।

(ड) पाठ्यपुस्तकको ९ नं. अभ्यास गराउनुहोस् । यस क्रममा विद्यार्थीलाई उच्चारण र अर्थका दृष्टिले गाह्रो लागेका शब्दको श्रुतिलेखन पटकपटक गराउनुहोस् ।

(ढ) पाठ्यपुस्तकको १० नं. अभ्यास गराउनुहोस् र कथाका बारेमा पर्याप्त छलफल पनि गराउनुहोस् । छलफलका क्रममा विभिन्न प्रश्न सोधी बोल्ने तथा लेख्ने अभ्यास गराउनुहोस् ।

(ण) शिक्षकले आफूले जानेका कथा सुनाएर यसै गरी छलफल गराउनुहोस् । विद्यार्थीलाई पनि उनीहरूले जानेका कथा भन्न लगाएर तिनका बारेमा पनि छलफल गराउनुहोस् ।

## ४. मूल्याङ्कन

(क) कथामा खरायोले केके गऱ्यो, भन ।

(ख) यो कथा सस्वर पढ्न लगाउनुहोस् ।

(ग) पाठका बारेमा प्रश्नोत्तर गराउनुहोस् ।

(घ) सरल शब्दको श्रुतिलेखन तथा सरल वाक्यको अनुलेखन गराई जाँचिदिनुहोस् ।

## ५. थप सुझाव

(क) यस कक्षाका लागि कथा सबैभन्दा रुचिकर विषय बन्न सक्छ । यसर्थ विद्यार्थीलाई उनीहरूले जानेका कथा सुनाउने पर्याप्त अवसर दिनुहोस् र सुनिदिनुहोस् ।

(ख) कक्षाका जान्नेनजान्ने, छात्रछात्रा, जनजाति, दलित, अपाङ्ग आदि खालका विद्यार्थीलाई सिक्ने र अभ्यास गर्ने पर्याप्त अवसर दिनुहोस् ।

# पाठ तीन मौरीको मह

**अनुमानित घन्टी – १४**

१. **उद्देश्य**

**यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) सरल शब्द र वाक्यहरू पढ्न,

(ख) पाठका सन्दर्भमा प्रश्नोत्तर गर्न,

(ग) शुद्ध शब्दको छनोट गर्न,

(घ) सरल शब्दको श्रुतिलेखन गर्न,

(ङ) सरल वाक्यको अनुलेखन गर्न ।

२. **शैक्षिक सामग्री**

चित्रपत्ती/शब्दपत्ती र वाक्यपत्तीहरू ।

३. **शिक्षणसिकाइ क्रियाकलाप**

(क) कक्षा सुरु गर्नुपूर्व पाठको चित्र वा अन्य यस्तै चित्र देखाउँदै निम्नानुसारका प्रश्न सोधेर सिकाइप्रति उत्प्रेरणा बढाउनुहोस् :

- तिमीले मौरी देखेका छौ ?
- तिम्रो घरमा मौरीको घार छ ?
- तिमीले मह खाएका छौ ?
- महको स्वाद कस्तो हुन्छ ?
- मौरीले कसरी मह जम्मा गर्छ ?

(ख) शिक्षकले यो पाठ पढेर विद्यार्थीलाई सुनाउनुहोस् र विद्यार्थीलाई पनि पालैपालो पढ्न लगाउनुहोस् । यसपछि पहिले सबै विद्यार्थीलाई र पछि एकएक गरी सबैलाई पाठ पढेर सुनाउन लगाउनुहोस् । कुनै विद्यार्थीले राम्ररी पढ्न सक्छन् भने ती विद्यार्थीलाई पढ्न र अरूलाई सुन्न लगाउनुहोस् ।

(ग) विद्यार्थीले पढेका वेला उनीहरूले उच्चारण गर्न नसकेका शब्द टिपोट गरी तिनको उच्चारण अभ्यास गराउनुहोस् । विद्यार्थीले बिरामी, औषधी, उपयोगी, रस, नाइके, समूह, रानीमौरी, चाका जस्ता शब्दको अर्थ नबुझ्न सक्छन् । यी शब्दका बारेमा प्रश्नोत्तर र छलफल गरेर, चित्र देखाएर, अर्थ बताएर र वाक्यमा प्रयोग गरेर/गराएर शब्दको अर्थ स्पष्ट पारिदिनुहोस् । थप अभ्यास पनि गराउनुहोस् । उच्चारण अभ्यासका लागि यी शब्दहरूको उपयोग गर्नुहोस् :

हेटौँडा, वैशाख, मौसमी, मह, नाइके, मौरी, ध्यान, मन, जम्मा, मिहिनेत, हथौडा, कैलाश, चित्र, चित्कार, सुन्तला, सूचना, ब्याड, पुतली आदि ।

यसैगरी अर्थ बताउँदा 'मह' शब्दको अर्थ बताउन छलफल वा प्रश्नोत्तर गराउनुहोस् । 'घार', 'मौरी', 'चाका' शब्दको अर्थ बताउन चित्र प्रयोग गर्नुहोस् । 'औषधी', 'नाके' जस्ता शब्दको अर्थ बताउन यी शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउनुहोस् वा वाक्यमा प्रयोग गरेर अभ्यास गराउनुहोस् ।

(घ) शब्द र वाक्यको अर्थ लगाउँदै पाठको व्याख्या, प्रश्नोत्तर र छलफल गराउनुहोस् । यसपूर्व पाठको अन्त्यमा दिइएको शिक्षण निर्देशन राम्रोसँग पढ्नुहोस् ।

(ङ) मौरी, पुतली (वा स्थानीय क्षेत्रमा पाइने उपयोगी किरा) आदिका बारेमा यी कस्ता हुन्छन्, कसरी कराउँछन्, कहाँ बस्छन्, के खान्छन् जस्ता प्रश्नको माध्यमले विद्यार्थीविद्यार्थीबीच छलफल गराई उनीहरूले जानेका कुरा भन्न उत्प्रेरित गर्नुहोस् । उनीहरूले भनेका कुरा नमिल्ने भए पनि हतोत्साहित नगर्नुहोस् र सुधारका लागि अभिप्रेरित गराउनुहोस् ।

(च) पाठको अभ्यास नं. १, २, ३, ४ र ५ गराउनुहोस् ।

(छ) पाठको अभ्यास नं. ६ गराउनुहोस् र यस्तै अरू अभ्यास बनाएर सबैलाई कक्षाकार्य दिनुहोस् । उनीहरूले गरेका कार्यको परीक्षण गरी प्रशंसा वा सुधारका उपाय अपनाउनुहोस् ।

(ज) पाठको अभ्यास नं. ७ गराउनुहोस् र साथसाथै यस्तै अन्य थप अभ्यास गराउनुहोस् । विद्यार्थीलाई नयाँनयाँ शब्दको अर्थ खोज्न उत्साहित गर्नुहोस् ।

(झ) विद्यार्थीलाई पाठको अभ्यास नं. ८ र ९ गराउनुहोस् । यो नमुना मात्र हो । पाठबाट वा पाठबाहिरका उपयुक्त सामग्रीबाट पनि यसप्रकारका अभ्यास गराउनुहोस् ।

(ञ) पाठको अभ्यास नं. १० गराउनुहोस् । यो पनि नमुना अभ्यास मात्र हो । विद्यार्थीलाई स्थानीय क्षेत्रका विभिन्न वस्तुका चित्र देखाएर ती वस्तुका नाम लेख्न लगाउनुहोस् ।

(ट) पाठको अभ्यास नं. ११ गराउनुहोस् । यस्ता अभ्यास गराउँदा विद्यार्थीको स्तर र क्षमताको ख्याल गरेर काम गर्न लगाउनुहोस् ।

(ठ) पाठको अभ्यास नं. १२ गराउनुहोस् । यो अभ्यास गराउनुपूर्व यसैसँग दिइएको शिक्षण निर्देशन राम्रोसँग पढेर सोहीअनुसार अभ्यास गराउनुहोस् ।

## ४. मूल्याङ्कन

(क) माथिका क्रियाकलापका आधारमा विद्यार्थीले शुद्धसँग शब्द तथा वाक्य पढेनपढेको, प्रश्नका उत्तर सही ढङ्गले दिएनदिएको, शब्दको सही चयन गरेनगरेको, शब्दको वर्णविन्यास ठीकसँग मिलाएनमिलाएको ख्याल गर्नुहोस् । यसका लागि यसप्रकारका प्रश्नको उपयोग गर्नुहोस् :

कुन शब्द ठीक छ ?

(क) पुतली

(ख) पुलित

(ग) पतुली

तलको वाक्य पढेर सुनाऊ :

- रस बटुल्न मौरीहरू टाढाटाढा पुग्छन् ।
- मौरीले कसरी मह बनाउँछ ?

५. **थप सुझाव**

(क) कक्षाका सबै विद्यार्थीलाई उनीहरूले देखेजानेका विषय, क्षेत्र, जीवजन्तु, चाचुरुङ्गी, किराफट्याङ्ग्रा आदिका बारेमा मौखिक र विद्यार्थीको क्षमताअनुसार लिखित रूपमा समेत वर्णन गर्न लगाउनुहोस् र तत्काल परीक्षण गरी सुधारका उपाय अपनाउनुहोस् ।

(ख) भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीप विकासका क्रममा विद्यार्थीमा विभिन्न प्रकारका त्रुटि देखिन सक्छन् । अझ दोस्रो भाषाका रूपमा नेपाली सिकिरहेका विद्यार्थीमा यस्ता समस्या अझ बढी देखिन सक्छन् । समस्या समाधानका लागि वैयक्तिक रूपमा विद्यार्थीका त्रुटि पहिचान गर्नुहोस् र सुधारका उपयुक्त उपाय अपनाउनुहोस् ।

## पाठ चार ढीपक र प्रहरी ढाइ

**अनुमानित घन्टी – १५**

१. **उद्देश्य**

**यस पाठका अन्त्यमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन्:**

(क) दिइएको चित्र वर्णन गर्न,

(ख) निर्दिष्ट संवाद हाउभाउसहित सस्वरवाचन गर्न,

(ग) संवादलाई अभिनेयात्मक रूपमा प्रस्तुत गर्न,

(घ) पाठका आधारमा सोधिएका प्रश्नहरूको उत्तर दिन,

(ङ) कठिन शब्दहरूको शुद्ध उच्चारण गर्न र अर्थ बताउन,

(च) श्रुतिबोध गर्न र अनुलेखन गर्न,

(छ) दिइएका शब्दबाट वाक्य रचना गर्न,

२. **शैक्षिक सामग्री**

(क) पाठ्यपुस्तकका चित्र

(ख) गाईजात्रासम्बन्धी पाठसँग सम्बद्ध चित्रहरू

(ग) संवादका नमुनाहरू

(घ) शब्दपत्ती, चित्रपत्ती र वाक्यपत्ती

३. **शिक्षणसिकाइ क्रियाकलाप**

(क) पाठ पढाउनुअघि संवाद शिक्षण गर्दा ध्यान दिनुपर्ने कुराहरूलाई विचार गरेर सङ्क्षिप्त पाठयोजना तयार गर्नुहोस् ।

(ख) पाठ सुरु गर्नुअघि विद्यार्थीहरूलाई कुनै हाटबजार, जात्रा, मेला आदि वा अन्य कुनै ठाउँ घुम्न गएनगएको सोध्नुहोस् । यस्ता हाटबजार, जात्रा, मेला आदिमा जाँदा भएका रमाइला र नरमाइला प्रसङ्ग वा अनुभव बताउन लगाउनुहोस् ।

(ग) विद्यार्थीहरूलाई सुरुमा दिइएका चित्रहरू हेर्न लगाउँदै जात्राका मानिसहरूको अनुहार, वेशभूषा र तिनका क्रियाकलाप आदिका बारेमा छलफल गर्न लगाउनुहोस् ।

(घ) पाठलाई हाउभाउ मिलाई सस्वरवाचन गरी सुनाउनुहोस् र विद्यार्थीहरूलाई पनि त्यसरी नै हाउभाउ मिलाई संवादलाई सस्वरवाचन गर्न लगाउनुहोस् । त्यसरी संवाद सस्वरवाचन गर्दा त्रुटि गर्ने विद्यार्थीहरूलाई मायालु ढङ्गले सच्याउन लगाउनुहोस् । सस्वरवाचनका क्रममा उनीहरूलाई उच्चारण गर्न कठिन लागेका शब्द कालोपाटीमा टिपेर विद्यार्थीलाई पालैपालो स्पष्ट उच्चारण गर्ने अभ्यास गराउनुहोस् ।

(ङ) सस्वरवाचनका क्रियाकलाप सकिएपछि विद्यार्थीहरूलाई पालैपालो अभिनेयात्मक रूपले प्रहरी र दीपक बनाई संवाद प्रस्तुत गर्न लगाउनुहोस् । अभिनय गर्दा विद्यार्थीहरूलाई आवश्यक सहयोग पुऱ्याउनुहोस् । राम्रो अभिनय गर्नेलाई स्याबासी दिनुहोस् र उपयुक्त अभिनय गर्न नसक्नेलाई राम्रो गर्न वा राम्रो गर्ने साथीले गरेजस्तै गर्न प्रेरित गर्नुहोस् ।

(च) तिमी पनि जात्रा, मेला, बजार, हाट आदिमा जाँदा दीपक जस्तै छुटेमा के गर्छौ भनी आफ्ना विचार भन्न लगाउनुहोस् । त्यसपछि गर्नुपर्ने सही कार्य पनि निर्देश गर्नुहोस् ।

(छ) पाठ्यपुस्तक शिक्षण गरिसकेपछि अभ्यास नं. १ मौखिक तथा लिखित दुवै रूपमा गर्न लगाउनुहोस् ।

(ज) पाठ्यपुस्तकको अभ्यास नं. २ को क्रियाकलाप गराउनुहोस् । यसपूर्व यसैसाथ दिएको निर्देशन राम्ररी पढ्नुहोस् । यसरी नै निम्नानुसारका क्रियाकलाप पनि गराउनुहोस् :

एउटा विद्यार्थीलाई यो सूचना सुनाउनुहोस्, अरूले नसुनून् -

“आज विद्यालय बन्द हुन्छ ।”

अब यो सूचना सुन्ने विद्यार्थीलाई आफूले सुनेको सूचना अर्को विद्यार्थीलाई त्यसरी नै सुनाउन लगाउनुहोस् । सबै विद्यार्थीलाई सुनाइसकेपछि अन्तिम पटक सुन्ने विद्यार्थीलाई आफूले सुनेको वाक्य भन्न लगाउनुहोस् र पहिलो विद्यार्थीले सुनेको वाक्य पनि भन्न लगाई तुलना गर्नुहोस् ।

(झ) पाठको अभ्यास नं. ३ मा उच्चारणका दृष्टिले कठिन शब्दहरू दिइएका छन् । ती शब्दलाई आफूले शुद्ध उच्चारण गरी विद्यार्थीलाई पनि त्यसरी नै उच्चारण गर्न लगाउनुहोस् । उच्चारण गर्न कठिन हुने विद्यार्थीहरूलाई पटकपटक अभ्यास गरी सही उच्चारण गर्ने प्रयत्न गराउनुहोस् । यसै गरी अरू चित्र पनि देखाउनुहोस् र त्यसबारेमा समूहमा छलफल र प्रश्नोत्तर गराउनुहोस् । चित्र स्थानीय परिवेश र विद्यार्थीले देखेजानेको भएमा राम्रो हुन्छ ।

(ञ) विद्यार्थीहरूलाई चार समूहमा बाँडेर पाठ्यपुस्तकको अभ्यास नं. ४ को चित्रको बारेमा छलफल गर्न लगाउनुहोस् र त्यसपछि समूह नेतालाई समूहको निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् ।

(ट) पाठको अभ्यास नं. ५ मा भएको संवादलाई पालैपालो सबै विद्यार्थीहरूलाई अभिनय गर्न लगाउनुहोस् ।

(ठ) पाठ्यपुस्तकको अभ्यास नं. ६ मा दिइएको अनिता र पसलेबीचको संवादलाई विद्यार्थीबीच अभिनय गरेर प्रदर्शन गर्न लगाउनुहोस् । अभिनय गर्दा एकजना अनिता र अर्कालाई पसले बनाई भूमिका निर्वाह गर्न लगाउनुहोस् । संवादमा केटाकेटी दुवैलाई समान अवसर (जस्तै : केटालाई अनिता र केटीलाई पसले बनाएर, केटीलाई अनिता र केटालाई पसले बनाएर, दुवैलाई अनिता वा पसिले बनाएर) दिनुहोस् । अभिनयमा देखिएका कमीकमजोरीलाई सुधार गर्न सहयोग पुऱ्याउनुहोस् ।

(ड) पाठ्यपुस्तकको अभ्यास नं. ७ र ८ लाई कक्षामा गर्न लगाउनुहोस् । अझ बढी अभ्यास गराउन यस्तै अरू अभ्यास दिएर कक्षामा नै गर्न लगाउनुहोस् ।

(ढ) पाठको अभ्यास नं. ९ मा दिएका चित्र कापीमा कोर्न लगाई ती चित्रका मुनि नाम लेख्न लगाउनुहोस् । विद्यार्थीले जेजस्तो चित्र बनाए पनि स्याबासी दिँदै उत्प्रेरित गर्नुहोस् ।

(ण) पाठको अभ्यास नं. १० को क्रियाकलाप गराई विद्यार्थीलाई उपयुक्त पृष्ठपोषण प्रदान गर्नुहोस् । अभ्यास गराउनुपूर्व यसैसाथ दिइएको निर्देशन राम्ररी पढ्नुहोस् ।

(त) पाठ्यपुस्तकको अभ्यास नं. ११ गर्न लगाई कर्ता र क्रियापदको सङ्गति मिलाएर वाक्य लेख्ने अभ्यास गर्न लगाउनुहोस् । (विद्यार्थीलाई कर्ता र क्रियाको परिचय गराइराख्नुपर्दैन ।) थप अभ्यासका लागि अरू त्यस्तै प्रश्नहरू दिई समाधान गर्न लगाउनुहोस् ।

(थ) पाठ्यपुस्तकको अभ्यास नं. १२ गर्न लगाउनुहोस् । थप अभ्यासका लागि अरू त्यस्तै वाक्य दिएर वाक्यको क्रम मिलाउन लगाउनुहोस् ।

(द) पाठ्यपुस्तकको अभ्यास नं. १३ गराउनुहोस् । यो अभ्यास मौखिक र लिखित रूपमा गराउनुहोस् । विद्यार्थीले लेखेको वर्णनलाई प्रोत्साहन गर्दै स्याबासी दिनुहोस् ।

## ४. मूल्याङ्कन

(क) हरेक क्रियाकलाप गर्दा सँगसँगै विद्यार्थीको उपलब्धिका आधारमा मूल्याङ्कन गर्दै आवश्यकताअनुसार तत्कालै पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(ख) विद्यार्थी मूल्याङ्कन गर्दा निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने फाराम तयारी छन् भने पाठको अन्त्यमा त्यसको रेकर्ड राख्नुहोस् । साथै पहिलेको रेकर्ड हेरी प्रगतिको स्थिति केलाउँदै थप पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(ग) यस पाठको मूल्याङ्कनका लागि निम्नलिखित कार्य गराउनुहोस् :

- संवाद हाउभाउसहित सस्वर पढ्न लगाउनुहोस् ।
- संवादलाई अभिनय गर्न लगाउनुहोस् ।
- सबै पाठका अभ्यास गर्न लगाई मूल्याङ्कन गर्नुहोस् ।

## ५. थप सुझाव

(क) पाठ शिक्षण गरेपछि आफूले पाठयोजनामा राखेका उद्देश्य पूरा भएनभएको आकलन गर्नुहोस् ।

(ख) संवाद शिक्षण गर्नुको मुख्य प्रयोजन भनेको संवाद कला सिकाउनु तथा अभिनय गर्न सिकाउनु भएकाले विद्यार्थीलाई संवादकला र अभिनयकला सिकाउन विभिन्न प्रकारका रमाइला रमाइला क्रियाकलाप (तपाईं आफैँले यस्ता क्रियाकलाप बनाउन सक्नुहुन्छ ।) गराउनुहोस् ।

(ग) कक्षामा क्रियाकलाप गर्दा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रियालाई अवलम्बन गर्नुहोस् ।

(घ) कक्षामा जान्नेनजान्ने, छात्रछात्रा, दलित, जनजाति, अशक्त, अपाङ्ग आदि समूहका सबै विद्यार्थीलाई उनीहरूको स्थिति र अवस्थाअनुसार समान अवसर प्रदान गर्दै आवश्यकताअनुसार बढी प्राथमिकता दिई त्यस्ता विद्यार्थीहरूलाई सिक्ने र अभ्यास गर्ने पर्याप्त अवसर दिनुहोस् ।

(ङ) भाषा शिक्षण कुनै विषयवस्तुको शिक्षण नभई भाषिक सीप सिकाउनु भएकाले माथिका हरेक क्रियाकलाप गराउँदा सुनाइ, बोलाइ, पढाइ, लेखाइमध्ये कुनै एक वा एकभन्दा बढी भाषिक सीप विकासका लागि क्रियाकलापलाई केन्द्रित गर्नुहोस् ।

## पाठ पाँच झन्डा फरर

अनुमानित घन्टी – १२

**१. उद्देश्य**

**यस पाठका अन्त्यमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) पाठमा भएका कठिन शब्दहरू शुद्ध उच्चारण गर्न,

(ख) नेपाली झन्डाको रूप रङ वर्णन गर्न,

(ग) 'झन्डा फरर' भन्ने बालगीत र स्थानीय गीत हाउभाउ र लयका साथ गाउन,

(घ) पाठका सम्बन्धमा साधारण प्रश्नोत्तर गर्न,

(ङ) आधा अक्षरबाट बनेका शब्द र छोटा अनुच्छेद पढ्न,

(च) हिज्जे मिलाएर सग्ला अक्षरले बनेका परिचित शब्द लेख्न,

(छ) परिचित शब्द प्रयोग गरी सङ्गति मिलाएर सरल वाक्य लेख्न ।

**२. शैक्षिक सामग्री**

(क) राष्ट्रिय झन्डा

(ख) शब्दपत्ती, वाक्यपत्ती

**३. शिक्षणसिकाइ क्रियाकलाप**

(क) नेपालको राष्ट्रिय झन्डा देखाएर यसको रङ रूपका बारेमा प्रश्न सोध्नुहोस् ।

(ख) आफूले हाउभाउ र लयका साथ 'झन्डा फरर' भन्ने बालगीत गाएर विद्यार्थीहरूलाई सुनाउनुहोस् ।

(घ) पाठको गीतका एकदुई लाइन पहिले आफूले गाउनुहोस् र पछि विद्यार्थीलाई समूहमा गाउन लगाउनुहोस् ।

(ङ) विद्यार्थीलाई पहिले समूह र पछि एक्लाएक्लै 'झन्डा फरर' बालगीत गाउन लगाउनुहोस् ।

(च) विद्यार्थीलाई उनीहरूले जानेका स्थानीय बालगीत गाउन लगाउनुहोस् ।

(छ) विद्यार्थीलाई नेपालको झन्डाको चित्र बनाउन लगाएर त्यसका बारेमा वर्णन गर्न लगाउनुहोस् ।

(ज) पाठका अभ्यास नं. १, २, ३ र ४ गराउनुहोस् । यी अभ्यासकै क्रममा विद्यार्थीलाई निम्नानुसारका शब्दको उच्चारण गर्ने पर्याप्त अभ्यास गराउनुहोस् :

**आकार, इकार आदि मात्रा लागेका शब्द**

जामा, तामा, लामा, भात, किताब, किनार, दीन, दीप, कुकुर, कुखुरा, ऊन, कृषि, ऋषि, एकतारे, ऐना, ऐन, ओखर, ओदान, औषधी, औजार, अंश, हंस आदि

**संयुक्त वर्ण प्रयोग भएका शब्द**

झन्डा, चम्चा, अम्बा, चप्पल, घ्याम्पो, ट्याम्पो, सूर्य, कर्म, बाख्रो, चाम्रो, काम्रो आदि ।

**चन्द्रबिन्दु, शिरबिन्दु प्रयोग भएका शब्द**

आँखा, दाँत, घाँटी, बाँदर, बाँस, संसार, हंस आदि ।

(झ) अभ्यास नं. ५ मा दिइएजस्तै शब्द, वाक्य र अनुच्छेद आलोपालो पढ्न लगाएर सुन्नुहोस् र विद्यार्थीले गरेका गल्ती सच्याइदिनुहोस् ।

(ञ) अभ्यास नं. ६ र ७ मा दिएका लेखन अभ्यास गराउनुहोस् र कक्षामा घुमेर सबै विद्यार्थीको लेखाइ हेरी गल्ती सच्याइदिनुहोस् ।

## ४. मूल्याङ्कन

(क) विद्यार्थीहरूलाई आलोपालो 'झन्डा फरर' बालगीत र अन्य स्थानीय गीत गाउन लगाएर उनीहरूको हाउभाउ, लय र शब्द उच्चारणको लेखाजोखा गर्नुहोस् ।

(ख) विद्यार्थीहरूले पाठमा भएका चित्र र उनीहरू आफैँले बनाएका चित्र कत्तिको प्रस्टसँग वर्णन गरे, लेखाजोखा गर्नुहोस् ।

(ग) विद्यार्थीले सोधेका प्रश्नको कस्तो उत्तर दिए, लेखाजोखा गर्नुहोस् ।

(घ) लेख्न दिएका शब्द र वाक्य विद्यार्थीले हिज्जे, मात्रा सङ्गति मिलाएर लेखेका छन् छैनन् जाँच्नुहोस् ।

## ५. थप सुझाव

कक्षाका सबै विद्यार्थीसँग आलोपालो प्रश्नोत्तर गर्नुहोस् । उनीहरूले बताउनपर्ने र वर्णन गर्नुपर्ने कुरा सुन्नुहोस् र उनीहरूको लेखाइ हेरेर त्रुटि सच्याइदिनुहोस् । एकपटक त्रुटि सच्याइदिएपछि विद्यार्थीले फेरि त्यस्तो त्रुटि गर्छन् गर्दैनन्, ख्याल गर्नुहोस् । यसबाटै उनीहरूको निरन्तर मूल्याङ्कन हुन्छ ।

# पाठ छ  चलाख फ्याउरो

**अनुमानित घन्टी – १४**

१. **उद्देश्य**

**यस पाठका अन्त्यमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) चलाख फ्याउरो कथा सस्वरवाचन गर्न,

(ख) पाठका सन्दर्भमा प्रश्नोत्तर र छलफल गर्न,

(ग) सरल शब्द र वाक्यको अनुलेखन र श्रुतिलेखन गर्न,

(घ) सरल वाक्य रचना गर्न ।

२. **शैक्षिक सामग्री**

(क) पाठ्यपुस्तकका पाठका चित्र/फ्याउरो, कागका चित्र

(ख) चित्रपत्ती/शब्दपत्ती

३. **शिक्षणसिकाइ क्रियाकलाप**

(क) पाठ्यपुस्तकको पाठ राम्ररी पढेर शिक्षणसिकाइ सामग्री र पढाउने विधिबारे स्पष्ट भई पाठयोजना तयार पार्नुहोस् ।

(ख) पाठका चित्रहरू देखाउँदै विभिन्न प्रश्न गरेर पढाइप्रति अभिप्रेरित गर्नुहोस् :

- तिमीले फ्याउरो देखेका छौ ?
- फ्याउराले के खान्छ ?
- काग कहाँ बसेको छ ?
- बाटामा एक्कासि फ्याउरो भेटियो भने तिमी के गर्छौ ?

यी प्रश्नका उत्तर सुन्दै विद्यार्थीलाई कथा पठनप्रति उत्प्रेरित गर्नुहोस् ।

(ग) कक्षाका कुनै/केही विद्यार्थीलाई यो पाठ पढेर सुनाउन लगाउनुहोस् । उनीहरूले पढ्न नजानेमा आफैँले पढिदिएर उनीहरूलाई पुस्तक हेर्न लगाउनुहोस् । यसपूर्व पाठ्यपुस्तकको ३० पृष्ठको शिक्षण निर्देशन राम्ररी पढ्नुहोस् । स्थानीय परिवेशका वा अन्य पत्रपत्रिका र सन्दर्भ सामग्रीका कथा ल्याएर पनि उनीहरूलाई पढ्न दिनुहोस् र ती कथाका बारेमा छलफल गराउनुहोस् ।

(घ) विद्यार्थीलाई पालैपालो यो कथा पढ्न लगाउनुहोस् र उनीहरूलाई उच्चारण गर्न गाह्रो लागेका शब्द कालोपाटीमा टिप्नुहोस् । यसपछि सबै विद्यार्थीलाई पालैपालो स्पष्टसँग उच्चारण गर्न लगाउनुहोस् । पटकपटक अभ्यास पनि गराउनुहोस् । विद्यार्थीले आफूलाई गाह्रो लाग्ने शब्द थाहा नपाउन सक्छन् । सस्वरपठनमा विद्यार्थीलाई उच्चारण गर्न गाह्रो भएका शब्द शिक्षक आफैँले टिपोट गर्नुहोस् । प्रश्नोत्तर र फलफलका क्रममा ती शब्दका अर्थसमेत बताइदिनुहोस् ।

(ङ) यस कथामा विद्यार्थीले विभिन्न शब्दको अर्थ नजान्न सक्छन् । त्यस्ता शब्दका बारेमा प्रश्नोत्तर गराएर, चित्र देखाएर र वाक्यमा प्रयोग गरेर ती शब्दको अर्थ स्पष्ट पारिदिनुहोस् । यसै क्रममा स्थानीय अन्य शब्दको पनि समुचित रूपमा प्रयोग गर्नुहोस् । फ्याउरो चिनाउन चित्रको प्रयोग गर्नुहोस् ।

(च) विद्यार्थीलाई यो कथा भन्न लगाउनुहोस् । यसै क्रममा उनीहरूलाई आफूले जानेका कथा समेत भन्न लगाई त्यसका बारेमा पनि छलफल गराउनुहोस् । उनीहरूले सुनाएका कथाहरूका बीचमा समस्या देखाएर थप प्रश्नोत्तर गर्नुहोस् । उदाहरणार्थ: यस कथामा यदि कागले गीत गाउन मुख नखोलेको भए के हुन्थ्यो होला ? भनी उनीहरूलाई सिर्जनात्मक विचार प्रस्तुत गर्न वा अन्य कथा बनाउन पनि अभिप्रेरित गर्नुहोस् ।

(छ) पाठको अभ्यास नं. १ गराउनुहोस् । लेख्न सक्ने विद्यार्थीलाई उत्तर लेख्ने कक्षाकार्य वा गृहकार्य दिनुहोस् ।

(ज) पाठको अभ्यास नं. २, ३ र ४ गराउनुहोस् । यी अभ्यास गराउँदा विद्यार्थीलाई ट, त, ढ, ध, ण, न, ड, द, ञ, ज्ञ, क्र, म्र, क्य, च्य जस्ता वर्ण प्रयोग भएका तलका जस्ता शब्दको पनि उच्चारण गर्न लगाउनुहोस् :

टप, टन्न, टपक्क, टपरी, टाटेपाटे, टाउको, टाढा, टाप, टालो, टिकट, टेबुल, टोकरी, टोप, टौवा, ट्याङ्की, तट, तमाम, तयार, तर, तरकारी, तल, ताप, ताप्के, तिहार, तोप, तोरी, ढक, ढल, ढाप, ढिकी, ढिलो, ढुकुर, ढोलक, धन, धनुष, धार, धोको, ध्यान, वाण, प्राण, पाणी, नङ, नजिक, निम्न, नियम, नीर, नौनी, डन्डी, डम्फु, डर, डालो, डिको, डेक्ची, डेक्स, डोली, दक्षिण, दमकल, दमाहा, दुबो, देब्रे, देश, ज्ञान, ज्ञानी, प्राज्ञ, चक्र, क्रम, हाम्रो, वाक्य, पाक्य, वाच्य, पाच्य ।

(झ) पाठको अभ्यास नं. ५ गराउनुहोस् र पाठका अन्य शब्दको पनि अर्थ बताइदिनुहोस् ।

(ञ) अभ्यास नं. ६ गराउनुहोस् । यहाँ दिइएका शब्द तथा वाक्य नमुना मात्र हुन् । तपाईंले कक्षाका विद्यार्थीको स्तर हेरी उनीहरूले नजान्ने अरू शब्द तथा वाक्य दिई तिनको समेत अनुलेखन गराउनुहोस् ।

(ट) पाठको अभ्यास नं. ७ गराउनुहोस् । यसै गरी खाली ठाउँ भर्ने अन्य अभ्यास बनाई खाली ठाउँ भर्न र खाली ठाउँ भरेपछि बन्ने वाक्य सार्न लगाउनुहोस् र सारिसकेपछि जाँचिदिनुहोस् ।

(ठ) पाठको अभ्यास नं. ८ गराउनुहोस् । यस्तै अन्य तालिका बनाएर सरल वाक्य रचना गर्न लगाउनुहोस् ।

(ड) विद्यार्थीलाई उच्चारण र अर्थका दृष्टिले गाह्रो लागेका शब्दको श्रुतिलेखन पटकपटक गराउनुहोस् ।

(ढ) पाठको अभ्यास नं. ९ गराउनुहोस् र कथाका बारेमा पर्याप्त छलफल पनि गराउनुहोस् । छलफलका क्रममा विभिन्न प्रश्न सोधी बोल्ने तथा लेख्ने अभ्यास गराउनुहोस् ।

(ण) शिक्षकले आफूले जानेका कथा सुनाएर यसैगरी छलफल गराउनुहोस् । विद्यार्थीलाई पनि उनीहरूले जानेका कथा भन्न लगाएर तिनका बारेमा पनि छलफल गराउनुहोस् ।

४. **मूल्याङ्कन**

(क) यो कथा सस्वर पढ्न लगाउनुहोस् ।

(ख) पाठका बारेमा प्रश्नोत्तर र छलफल गराउनुहोस् ।

(ग) सरल शब्द र वाक्यको अनुलेखन र श्रुतिलेखन गराई जाँचिदिनुहोस् ।

(घ) सरल वाक्य रचना गर्न लगाउनुहोस् ।

५. **थप सुझाव**

(क) विद्यार्थीलाई उनीहरूले जानेका कथा सुनाउने पर्याप्त अवसर दिनुहोस् र सुनिदिनुहोस् । कथा भन्ने बानीले उच्चारण र शब्दभण्डार क्षमता बढाउन सहयोग पुऱ्याउने भएकाले यस कथाले प्राप्त गर्ने पाठ्यभारभरि यस्ता अभ्यास गराउनुहोस् ।

(ख) कक्षाका जान्नेनजान्ने, छात्रछात्रा, जनजाति, दलित, अपाङ्ग आदि सबै विद्यार्थीलाई सिक्ने र अभ्यास गर्ने पर्याप्त अवसर दिनुहोस् ।

## पाठ सात   गुनिलो जनावर गाई

**अनुमानित घन्टी – १४**

१. **उद्देश्य**

**यस पाठका अन्त्यमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) सरल शब्द र वाक्यहरू पढ्न,

(ख) पाठका सन्दर्भमा प्रश्नोत्तर गर्न,

(ग) आफूले देखेका जनावरको वर्णन गर्न,

(घ) सरल शब्द र वाक्यको अनुलेखन र श्रुतिलेखन गर्न,

(ङ) आधा अक्षर प्रयोग भएका शब्द लेख्न,

(च) सरल वाक्य लेख्न ।

२. **शैक्षिक सामग्री**

(क) चित्रपत्ती/शब्दपत्ती र वाक्यपत्तीहरू,

(ख) गाईको चित्र/स्थानीय क्षेत्रमा पालिने जनावरका चित्र

३. **शिक्षणसिकाइ क्रियाकलाप**

(क) कक्षा सुरु गर्नुपूर्व पाठको चित्र वा अन्य यस्तै चित्र देखाउँदै निम्नानुसारका प्रश्न सोधेर सिकाइप्रति उत्प्रेरणा जगाउनुहोस् :

- तिम्रो घरमा गाई छ ?
- गाईले हामीलाई के दिन्छ ?
- गाईका नाम केके हुन्छन् ? तिमी केही नाम भन्न सक्छौ ?

यदि कसैका घरमा गाई पालिँदैन वा उनीहरूले गाई नै देखेका छैनन् भने स्थानीय घरपालुवा जनावरका बारेमा छलफल गराउँदै गाईसँग तुलना गर्नुहोस् ।

(ख) शिक्षकले यो पाठ पढेर विद्यार्थीलाई सुनाउनुहोस् र विद्यार्थीलाई पनि पालैपालो पढ्न लगाउनुहोस् । यसपछि पहिले सबै विद्यार्थीलाई र पछि एकएक गरी सबैलाई पाठ पढेर सुनाउन लगाउनुहोस् । कुनै विद्यार्थीले राम्ररी पढ्न सक्छन् भने ती विद्यार्थीलाई पढ्न र अरूलाई सुन्न लगाउनुहोस् । विद्यार्थीको पढाइका राम्रा पक्षलाई स्याबासी दिँदै प्रोत्साहन गर्नुहोस् । कमजोर पक्षलाई चाहिँ सुधार गर्न सहयोग गर्नुहोस् ।

(ग) विद्यार्थीले पढेका वेला उनीहरूले उच्चारण गर्न नसकेका शब्द टिपोट गरी तिनको उच्चारण अभ्यास गराउनुहोस् । यस पाठमा विद्यार्थीले कुँडो, सन्चो, चाट्नु, मही, नौनी, गोरस, गोबर आदि थुप्रै शब्दको अर्थ नबुझ्न सक्छन् । यी शब्दका बारेमा प्रश्नोत्तर र छलफल गरेर, चित्र देखाएर, अर्थ बताएर र वाक्यमा प्रयोग गरेर/गराएर शब्दको अर्थ स्पष्ट पारिदिनुहोस् । थप अभ्यास पनि गराउनुहोस् ।

(घ) शब्द र वाक्यको अर्थ लगाउँदै पाठको व्याख्या, प्रश्नोत्तर र छलफल गराउनुहोस् । यसपूर्व पाठको अन्त्यमा दिइएको शिक्षण निर्देशन राम्रोसँग पढ्नुहोस् ।

(ङ) गाई, भैँसी (वा स्थानीय क्षेत्रमा पाइने अन्य जनावर) का बारेमा कस्ता हुन्छन्, कसरी कराउँछन्, कहाँ बस्छन्, के खान्छन् आदि प्रश्नका माध्यमले विद्यार्थीविद्यार्थीबीच छलफल गराई उनीहरूले जानेका कुरा भन्न अभिप्रेरित गर्नुहोस् । उनीहरूले भनेका कुरा नमिल्ने भए पनि हतोत्साहन नगर्नुहोस् र सुधारका लागि निरन्तर अभिप्रेरित गर्नुहोस् ।

(च) पाठको अभ्यास नं. १ गराउनुहोस् ।

(छ) पाठको अभ्यास नं. २ गराउनुहोस् । यो अभ्यास गराउनुपूर्ण यसैसाथ रहेको निर्देशन पढ्नुहोस् र विद्यार्थीलाई सुनाउने वाक्यको सूची तयार पार्नुहोस् ।

(ज) पाठको अभ्यास नं. ३ र ४ गराउनुहोस् र यस्तै अरू अभ्यास बनाएर सबैलाई कक्षाकार्य दिनुहोस् । उनीहरूले गरेका कार्यको परीक्षण गरी प्रशंसा वा सुधारका उपाय अपनाउनुहोस् ।

(झ) पाठको अभ्यास नं. ८ गराउनुहोस् र साथसाथै यस्तै अन्य थप अभ्यास पनि गराउनुहोस् ।

(ञ) विद्यार्थीलाई पाठ्यपुस्तकको अभ्यास नं. ६ गराउनुहोस् । यो नमुना मात्र हो । पाठबाट वा पाठबाहिरका उपयक्त सामग्रीबाट पनि यसप्रकारका अभ्यास गराउनुहोस् ।

(ट) पाठको अभ्यास नं. ७ गराउनुहोस् र यसैगरी विद्यार्थीलाई नयाँनयाँ शब्दको अर्थ खोज्न अभिप्रेरित गर्नुहोस् ।

(ठ) पाठको अभ्यास नं. ८ गराउनुहोस् र यस्तै अन्य वाक्य दिई सार्ने अभ्यास गराउनुहोस् ।

(ड) पाठको अभ्यास नं. ९ गराउनुहोस् । यो नमुना अभ्यास मात्र हो । विद्यार्थीलाई आधा अक्षर बनाउने तरिकाबारे राम्ररी ज्ञान गराएर पर्याप्त अभ्यास गराउनुहोस् ।

(ढ) पाठको अभ्यास नं. १० गराउनुहोस् । पाठबाट अरू यस्तै अभ्यास बनाएर पर्याप्त अभ्यास गराउनुहोस् ।

(ण) पाठको अभ्यास नं. ११ गराउनुहोस् । अभ्यास गराउँदा विद्यार्थीको स्तर र क्षमताको ख्याल गर्दै बढीभन्दा बढी वाक्यनिर्माण गर्न अभिप्रेरित गर्दै अभ्यास गराउनुहोस् ।

### ४. मूल्याङ्कन

(क) माथिका क्रियाकलापका आधारमा विद्यार्थीले शुद्धसँग शब्द तथा वाक्य पढेनपढेको, प्रश्नका उत्तर सही ढङ्गले दिएनदिएको, शब्दको सही चयन गरेनगरेको, शब्दको वर्णविन्यास ठीकसँग मिलाएनमिलाएको ख्याल गर्नुहोस् ।

(ख) विद्यार्थीले आफूले देखेका जनावरको वर्णन गर्न सकेनसकेको, शब्द र वाक्यको अनुलेखन गर्न सकेनसकेको, आधा अक्षरको प्रयोग ठीकसँग गरेनगरेको ख्याल गर्दै उनीहरूको भाषिक दक्षताको मूल्याङ्कन गर्नुहोस् ।

### ५. थप सुझाव

(क) कक्षाका सबै विद्यार्थीलाई उनीहरूले देखेजानेका विषय, क्षेत्र, जीवजन्तु, चराचुरुङ्गी, किराफट्याङ्ग्रा आदिका बारेमा मौखिक र विद्यार्थीको क्षमताअनुसार लिखित रूपमा समेत वर्णन गर्न लगाउनुहोस् र तत्काल परीक्षण गरी सुधारका उपाय अपनाउनुहोस् ।

(ख) कक्षाका सबै क्षमताका विद्यार्थीलाई बोल्ने, पढ्ने र लेख्ने समान अवसर दिनुहोस् ।

## पाठ आठ मामामाइजू

**अनुमानित घन्टी – १५**

१. **उद्देश्य**

**यस पाठका अन्त्यमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) प्रस्तुत पाठ र संवाद गति मिलाई सस्वरवाचन गर्न,

(ख) संवादअनुसार अभिनय गर्न,

(ग) पाठका आधारमा सोधिएका प्रश्नहरूको उत्तर दिन,

(घ) श्रुतिबोध गर्न,

(ङ) चित्र वर्णन गर्न,

(च) कठिन शब्दहरूको शुद्ध उच्चारण गर्न,

(छ) अनुलेखन गर्न र दिइएका शब्द छनोट गरी वाक्य रचना गर्न

२. **शैक्षिक सामग्री**

(क) पाठ्यपुस्तकका पाठका चित्र

(ख) संवादका नमुना

(ग) शब्दपत्ती, वाक्यपत्ती

३. **शिक्षणसिकाइ क्रियाकलाप**

(क) प्रस्तुत पाठ शिक्षणका लागि पाठ्यक्रमको उद्देश्य र विस्तृतीकरण हेरी सङ्क्षिप्त पाठयोजना बनाउनुहोस् ।

(ख) तलका जस्ता प्रश्न सोधेर पाठको प्रारम्भ गर्नुहोस् :

- तिम्रो घर कहाँ रहेको छ ?
- तिम्री आमाको नाम के हो ?
- तिम्रा बुबाको नाम के हो ?
- तिम्रा दाजु वा भाइको नाम के हो ?
- तिम्री दिदी वा बहिनीको नाम के हो ?
- तिम्रा बुबाले के गर्नुहुन्छ ?
- तिम्री आमाले के गर्नुहुन्छ ?
- बिदाको दिन तिमी के गर्छौ ?
- बिदाको दिन तिमी तिम्रा बाआमालाई कसरी सहयोग गर्छौ ?

- आमाका दाजुभाइलाई के भनिन्छ ?
- तिम्रा मामामाइजू छन् कि छैनन् ?
- मामामाइजूले कत्तिको माया गर्नुहुन्छ ?
- तिम्रा घरमा मामामाइजू आउँदा कति रमाइलो हुन्छ ? आदि ।

(ग) पाठको पहिलो पृष्ठमा रहेका अनुच्छेदहरूलाई तपाईंले नमुनाका रूपमा पढिदिएर विद्यार्थीहरूलाई सुनाउनुहोस् । तपाईंले पाठ पढ्दा विद्यार्थीहरूलाई पुस्तक हेर्न लगाउनुहोस् । त्यसपछि विद्यार्थीहरूलाई पनि विद्यार्थीको स्तर, क्षमता, लिङ्ग आदिका आधारमा प्रतिनिधित्व हुने गरी एकएक अनुच्छेद सही ढङ्गले सस्वरवाचन गर्न लगाउनुहोस् । विद्यार्थीले सस्वरवाचन गर्दा सही तरिकाले उच्चारण गर्न नसकेका शब्द कालोपाटीमा टिप्नुहोस् । सस्ववारचनपछि ती शब्दहरूको सही उच्चारण सुनाएर पटकपटक अभ्यास गर्न लगाई शुद्ध उच्चारण सिकाउनुहोस् ।

(घ) पाठमा रहेको संवादलाई हाउभाउ सस्वरवाचन गरेर सुनाउनुहोस् । तपाईंले सुनाएभैँ विद्यार्थीहरूलाई पनि उपयुक्त ढङ्गले सस्वरवाचन गर्न लगाउनुहोस् ।

(ङ) संवादलाई सस्वरवाचन गरिसकेपछि केटालाई मामा र केटीलाई माइजूको (केटीलाई मामा र केटालाई माइजू बनाएर पनि) भूमिकामा पाठको संवादलाई अभिनय गर्न लगाउनुहोस् । अभिनयका क्रममा देखिने कमीकमजोरीलाई सुधार्न अभिनय गरेर देखाइदिनुहोस् । राम्रो अभिनय गर्नेलाई स्याबासी दिनुहोस् ।

(च) पाठमा भएको संवादसमेतलाई उदाहरण दिएर आफ्नो घरमा आएका पाहुना, मान्यजनहरूलाई नमस्कार, दर्शन, ढोग, अभिवादन, हात मिलाउने जस्ता शिष्टाचार गर्नुपर्छ भन्ने कुरा विभिन्न प्रश्नोत्तर र उदाहरणबाट प्रस्तुत गर्दै आफूभन्दा ठूलालाई आदर र सानालाई माया गर्नुपर्ने कुरा छर्लङ्ग पारिदिनुहोस् ।

(छ) घरमा आफन्त, साथीभाइ, इष्टभित्र मात्र नआई ठग, दुष्ट, चोर, डाँका, लुटेरा आदि पनि आउन सक्छन् । त्यस्ता मानिसले घरमा चोरी गर्ने, ठगी गर्ने कार्य पनि गर्न सक्दछन् भन्ने घटना सुनाएर विद्यार्थीहरूलाई घरमा नयाँ मानिस आउँदा विचार गर्नुपर्ने कुराहरूका बारेमा पनि छलफल गराउनुहोस् । जस्तै:

- अपरिचित व्यक्तिलाई ढोका खोलेर घरभित्र लैजानुहुन्न ।
- अपरिचित व्यक्तिले दिएको खाना, मिठाई आदि खानुहुन्न ।
- अपरिचित व्यक्ति आएमा आफूभन्दा ठूला मानिसलाई सोधेर मात्र घरभित्र लैजानुपर्छ आदि ।

(ज) पाठ शिक्षणपछि पाठ्यपुस्तकको अभ्यास नं. १ का प्रश्नोत्तर मौखिक तथा लिखित दुवै रूपमा गराउनुहोस् ।

(झ) पाठको अभ्यास नं. २ र यस्तै अन्य सन्दर्भ दिएर विद्यार्थीहरूलाई श्रुतिबोध क्रियाकलाप गराउनुहोस् । यस्तो क्रियाकलाप गराउँदा विद्यार्थीको आनीबानी सुधारमा सहयोग पुग्ने वाक्य वा आशयको गद्य दिनुहोस् । यसको साथमा दिएको निर्देशन पढी सोही खालका वाक्यको बढी उपयोग गर्नुहोस् ।

(ञ) पाठको अभ्यास नं. ३ मा दिइएका शब्दहरूका माध्यमबाट विद्यार्थीहरूलाई कठिन शब्दहरूको शुद्ध उच्चारण गर्ने क्रियाकलाप गराउनुहोस् । यसका लागि सुरुमा आफूले शुद्ध उच्चारण गरी विद्यार्थीलाई सुनाउनुहोस् र त्यसपछि विद्यार्थीहरूलाई पनि शुद्ध उच्चारण गर्न लगाउनुहोस् । शुद्ध उच्चारण गर्न नसक्ने विद्यार्थीलाई पटकपटक अभ्यास गराई सुधार गर्न लगाउनुहोस् ।

(ट) पाठको अभ्यास नं. ४ मा भएको चित्रलाई समूहमा छलफल गर्न लगाउनुहोस् । चित्रमा भएका कुराहरू वर्णन गर्दा उनीहरूलाई याद नभएका कुरा भन्न उत्प्रेरित गर्न प्रश्नका माध्यमबाट सङ्केत (Clue) दिनुहोस् । क्रियाकलापका क्रममा निम्नानुसारका प्रश्न सोधेर उनीहरूमा राम्रो बानी र सकारात्मक सोचको विकासमा सघाउनुहोस् । जस्तै:

- धारामा कसले नुहाइरहेको छ ? तिमीले पनि एक्लै नुहाउने प्रयास गरेका छौ ?
- धारामा कसले दाँत माझिरहेको छ ? तिमी पनि खानाखाएपछि सधैँ दाँत माझ्ने गर्छौ ?
- धारामा गाग्री लिएर उभिएको को होला ?
- धारामा कसले कपडा धोइरहेको होला ?
- के तिमी पनि पानी ल्याउन, कपडा धुन सहयोग गर्न सक्छौ ?

यस्तै अन्य प्रश्न सोधी व्यक्तिगत र घरायसी सरसफाइमा, घरायसी काममा सकेसम्म सबैले सहयोग पुऱ्याउनुपर्छ भन्ने निष्कर्ष दिनुहोस् ।

(ठ) पाठको अभ्यास नं. ५ मा भएको संवादका आधारमा एकजना विद्यार्थीलाई हजुरबा र अर्को एकजनालाई उमाको भूमिका निर्वाह गर्न लगाएर अभिनय गर्न लगाउनुहोस् । पालैपालो सबैलाई अभिनय गराएपछि उक्त संवादको मुख्य आशयअनुसार बोल्ने तरिका र मान्यजनप्रति गर्ने व्यवहारका बारेमा विभिन्न प्रश्न गरी उनीहरूमा राम्रो बानीको विकास गर्न उत्प्रेरित गर्नुहोस् ।

(ड) पाठको अभ्यास नं. ६ मा दिइएका शब्दहरू पढ्न लगाउनुहोस् र अन्य यस्तै शब्द दिई ती शब्दको पनि उच्चारण गर्न लगाउनुहोस् ।

(ढ) पाठको अभ्यास नं. ७ कक्षाका सबै विद्यार्थीलाई पालैपालो गराउनुहोस् ।

(ण) पाठको अभ्यास नं. ८ मा भएको 'जोडा मिलाऊ' अभ्यास कक्षामा गर्न लगाउनुहोस् ।

(त) पाठ्यपुस्तकको अभ्यास नं. ९ मा दिइएका वाक्य कापीमा सार्न (अनुलेखन गर्न) लगाउनुहोस् । विद्यार्थीले कापीमा सारेका शब्द र वाक्य ठीक भएनभएको अवलोकन गरी सच्याएर शुद्ध लेख्न प्रेरित गर्नुहोस् ।

(थ) पाठ्यपुस्तकको अभ्यास नं. १० मा भएका चित्र कापीमा कोर्न लगाई चित्रमुनि तिनको नाम लेख्न लगाउनुहोस् । विद्यार्थीले कोरेको चित्र हेरी आवश्यक सुझाव दिएर राम्रो बनाउन उत्प्रेरित गर्नुहोस् । त्यस्तै चित्रको नाम शुद्धसँग लेखेनलेखेको पनि हेरेर अशुद्ध भए सच्याई शुद्ध लेख्न उत्पेरित गर्नुहोस् ।

(द) पाठ्यपुस्तकको अभ्यास नं. ११ र १२ बाट उपयुक्त शब्द चयन गरी विद्यार्थीलाई वाक्य निर्माण गरेर लेख्ने सीपको विकास गराउनुहोस् । यी दुवै क्रियाकलापबाट उपयुक्त शब्द छनोट गरेर शुद्ध वाक्य बनाउने सीप विकास गर्ने उद्देश्य भएकाले यस्ता अन्य प्रश्न दिई थप अभ्यास पनि गराउनुहोस् ।

४. **मूल्याङ्कन**

(क) विद्यार्थी मूल्याङ्कनका लागि मूलत: शिक्षणसिकाइ क्रियाकलापलाई नै मूल आधार मान्नुहोस् । शिक्षणसिकाइ क्रियाकलापसँगसँगै विद्यार्थीको व्यवहार अवलोकन गरी त्यसका आधारमा सुधारात्मक शिक्षण गर्ने प्रयत्न गर्नुहोस् । जस्तै: संवाद अभिनय गराएर मूल्याङ्कन गर्नुहोस् ।

(ख) यस पाठको विषयवस्तुको मूल्याङ्कनका लागि शिक्षणसिकाइ क्रियाकलापसँगसँगै निम्नलिखित प्रश्नका आधारमा मूल्याङ्कन गर्नुहोस् :

१. आफूभन्दा ठूलालाई कसरी सम्मान दर्साउँछौ ?

२. तिम्रा घरमा कुनै मानिस आउँदा के भन्छौ ?

३. तिम्रा घरमा नचिनेको व्यक्ति आएमा के गर्छौ ?

४. तिमी बुबाआमालाई कसरी सहयोग गर्छौ ? आदि ।

(ग) तलका कुरा सुनाउनुहोस् र सुनेका कुरा अर्को विद्यार्थीलाई खुसुक्क कानमा गएर भन्न लगाउनुहोस् र कानमा खुसुक्क सुन्नेलाई पनि चर्को स्वरले भन्न लगाउनुहोस् :

म बुबाआमा, गुरु र आफूभन्दा ठूलालाई आदर गर्छु । आफूभन्दा सानालाई माया गर्छु ।

(घ) पाठबाट कठिन शब्द दिई उच्चारण गर्न लगाउनुहोस् ।

(ङ) कुनै चित्र दिई वर्णन गर्न लगाउनुहोस् ।

(च) कुनै अनुच्छेद वा पाठ सार्न लगाउनुहोस् ।

५. **थप सुझाव**

(क) पाठ पढाउनुपूर्व पाठ्यपुस्तकको पृष्ठ ४२ को निर्देशन पढ्नुहोस् ।

(ख) पाठ शिक्षण गर्नुअघि पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको अध्ययन गरी शिक्षण योजना बनाउनुहोस् ।

(ग) शिक्षण गर्दा निरन्तर विद्यार्थी मूल्याङ्कनमा जोड दिनुहोस् ।

(घ) कक्षामा सबै वर्ग, तह, स्तर, क्षमता, लिङ्गका विद्यार्थीहरूलाई समान अवसर दिई समाहित शिक्षाको अवधारणाअनुसार शिक्षण गर्नुहोस् ।

# पाठ नौ पुस्तक

अनुमानित घन्टी – १२

१. **उद्देश्य**

**यस पाठका अन्त्यमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) पाठमा भएका कठिन शब्दहरू शुद्ध उच्चारण गर्न,

(ख) पुस्तकका बारेमा वर्णन गर्न,

(ग) 'पुस्तक' बालगीत र स्थानीय गीत हाउभाउ र लयका साथ गाउन,

(घ) पुस्तकका बारेमा साधारण प्रश्नोत्तर गर्न,

(ङ) हिज्जे मिलाएर सग्ला अक्षरले बनेका परिचित शब्द लेख्न,

(च) आधा अक्षर प्रयोग गरी परिचित शब्द लेख्न र यस्ता शब्दले बनेका वाक्यहरूको अनुलेखन गर्न,

(छ) परिचित शब्द प्रयोग गरी सङ्गति मिलाएर सरल वाक्य लेख्न ।

२. **शैक्षिक सामग्री**

(क) पुस्तक

(ख) शब्दपत्ती/वाक्यपत्ती

३. **शिक्षणसिकाइ क्रियाकलाप**

(क) मेरो नेपाली किताब देखाएर यसभित्र केके छन् भन्ने प्रश्न सोध्नुहोस् र पुस्तकका बारेमा धेरै कुरा बताउन उत्साहित गर्नुहोस् ।

(ख) आफूले हाउभाउ र लयका साथ 'पुस्तक' भन्ने बालगीत गाएर विद्यार्थीहरूलाई सुनाउनुहोस् ।

(ग) पाठको गीतका एकदुई लाइन पहिले आफूले गाएर सुनाउनुहोस् र पछि विद्यार्थीलाई समूहमा गाउन लगाउनुहोस् ।

(घ) विद्यार्थीलाई पहिले समूहमा र पछि एक्लाएक्लै पुस्तक बालगीत गाउन लगाउनुहोस् ।

(ङ) विद्यार्थीलाई आलोपालो अभ्यास नं. १ मा दिइएका जस्ता प्रश्न सोध्नुहोस् ।

(च) विद्यार्थीलाई आलोपालो उनीहरूले जानेका स्थानीय गीत गाउन लगाउनुहोस् ।

(छ) पाठ्यपुस्तकको अभ्यास नं. २, ३ र ४ गर्न लगाउनुहोस् ।

(ज) कुनै विद्यार्थीलाई अभ्यास नं. ५ मा भएका शब्द र वाक्य पढ्न लगाउनुहोस् र अन्य विद्यार्थीलाई उसले ठीक पढ्यो पढेन भनेर किताब हेरी सुन्न लगाउनुहोस् । पढिसकेपछि सुन्ने विद्यार्थीको प्रतिक्रिया लिएर पढ्ने विद्यार्थीलाई सुझाव दिनुहोस् ।

(झ) पाठ्यपुस्तकको अभ्यास नं. ६ गराउनुहोस् र अरू यस्तै शब्द र अर्थ दिई जोडा मिलाउन लगाउनुहोस् ।

(ञ) पाठमा भएका लेखन अभ्यास (अभ्यास नं. ७, ८ र ९) गराई नजिकको साथीसँग कापी साटासाट गराएर एक विद्यार्थीले लेखेको अर्कोबाट जाँच गराउनुहोस् र उनीहरूको प्रतिक्रिया लिनुहोस् । विद्यार्थीले ठीक तरिकाले नजाँच्न सक्छन् । आफूले पनि पुन: जाँच्नुहोस् ।

(ट) पाठ्यपुस्तकको अभ्यास नं. १० गराउनुहोस् र यस्तै अरू अभ्यास बनाई विद्यार्थीलाई कक्षाकार्य/गृहकार्य दिनुहोस् ।

## ४. मूल्याङ्कन

(क) विद्यार्थीहरूलाई आलोपालो 'पुस्तक' बालगीत र अन्य स्थानीय गीत गाउन लगाएर उनीहरूको हाउभाउ, लय र शब्द उच्चारणको लेखाजोखा गर्नुहोस् ।

(ख) विद्यार्थीहरूले पाठमा भएका चित्र र उनीहरू आफैँले बनाएका चित्र कत्तिको प्रस्टसँग वर्णन गरे, लेखाजोखा गर्नुहोस् ।

(ग) सोधेका प्रश्नको विद्यार्थीले कस्तो उत्तर दिए, लेखाजोखा गर्नुहोस् ।

(घ) लेख्न दिएका शब्द र वाक्य विद्यार्थीले हिज्जे, मात्रा, सङ्गति मिलाएर लेखेका छन् छैनन् जाँच्नुहोस् ।

## ५. थप सुझाव

कक्षामा एउटा विद्यार्थीले बोलेको, पढेको, लेखेको कुरा विद्यार्थीलाई सुन्न र हेर्न लगाएर उनीहरूको प्रतिक्रिया लिने गरेमा विद्यार्थीले साथीले गरेका राम्रा कुरा र कमीकमजोरी थाहा पाएर पनि सिक्ने मौका पाउँछन् । त्यसैले विद्यार्थीलाई नजिकको साथी र साथी समूहबाट पनि सिक्ने अवसर दिनुहोस् । ठूलो कक्षामा शिक्षक एक्लैले सबै विद्यार्थीसँग अन्तरक्रिया गर्न र लेखेको हेर्न नभ्याउने हुँदा कक्षामा यस्ता उपाय पनि अपनाउनुपर्ने हुन्छ ।

## पाठ दस मान्छेको बुद्धि

**अनुमानित घन्टी – १४**

१. **उद्देश्य**

**यस पाठका अन्त्यमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) 'मान्छेको बुद्धि' कथा हाउभाउसहित पढ्न,

(ख) पाठका सन्दर्भमा प्रश्नोत्तर र छलफल गर्न,

(ग) सरल शब्द र वाक्यको अनुलेखन र श्रुतिलेखन गर्न,

(घ) सरल वाक्य रचना गर्न,

(ङ) स्थानीय गीत गाउन/कथा भन्न ।

२. **शैक्षिक सामग्री**

(क) पाठका चित्र/बाघ, गोरु, मान्छेका चित्र

(ख) चित्रपत्ती, शब्दपत्ती, वाक्यपत्ती

३. **शिक्षणसिकाइ क्रियाकलाप**

(क) पाठ्यपुस्तकको पाठ राम्ररी पढेर शिक्षणसिकाइ सामग्री र पढाउने विधिबारे स्पष्ट भई पाठयोजना तयार पार्नुहोस् । यसपूर्व पाठको अन्त्यमा दिइएको निर्देशन पनि पढ्नुहोस् ।

(ख) तलका जस्ता गीत गाउँदै वा कुनै कथा भन्दै विद्यार्थीलाई कथा पठनप्रति अभिप्रेरित गर्नुहोस् :

हिमालचुली पल्लोपट्टि रूपी कपाल कोर्छ

फट्याङ्ग्राले हलो जोत्छ झिँगाले डल्ला फोर्छ

कागज काट्ने बन्चरो त मुढा गिँड्ने कैँची

आहाल खेल्ने चैते बाँदर रूख चढ्ने भैँसी

यस्तै अरू गीत वा कथा भन्दै कथा पठनप्रति उत्साहित गर्नुहोस् ।

(ग) कक्षाका कुनै/केही विद्यार्थीलाई यो पाठ हाउभाउसहित पढेर सुनाउन लगाउनुहोस् । उनीहरूले पढ्न नजानेमा आफैँले हाउभाउसहित पढिदिएर उनीहरूलाई पुस्तक हेर्न लगाउनुहोस् । यसपूर्व पाठ्यपुस्तकको पृष्ठ ५५ को शिक्षण निर्देशन राम्ररी पढ्नुहोस् । स्थानीय परिवेशका वा अन्य पत्रपत्रिका र सन्दर्भ सामग्रीका कथा ल्याएर पनि पढ्न दिनुहोस् र ती कथाका बारेमा छलफल गराउनुहोस् ।

(घ) विद्यार्थीलाई पालैपालो यो कथा र कथाका संवाद हाउभाउ मिलाएर पढ्न लगाउनुहोस् र उनीहरूलाई उच्चारण गर्न गाह्रो लागेका शब्द कालोपाटीमा टिप्नुहोस् । यसपछि सबै विद्यार्थीलाई

पालैपालो स्पष्टसँग उच्चारण गर्न लगाउनुहोस् । पटकपटक अभ्यास पनि गराउनुहोस् । विद्यार्थीले आफूलाई गाह्रो लाग्ने शब्द थाहा नपाउन सक्छन् । पढ्दा विद्यार्थीलाई उच्चारण गर्न गाह्रो भएका शब्द शिक्षक आफैँले टिपोट गर्नुहोस् । प्रश्नोत्तर र छलफलका क्रममा ती शब्दका अर्थ समेत बताइदिनुहोस् । हाउभाउ नमिलाई पढेका ठाउँ पनि ख्याल गर्नुहोस् ।

(ङ) यस कथामा विद्यार्थीले विभिन्न शब्दको अर्थ नजान्न सक्छन् । त्यस्ता शब्दका बारेमा प्रश्नोत्तर गराएर, चित्र देखाएर र वाक्यमा प्रयोग गरेर ती शब्दको अर्थ स्पष्ट पारिदिनुहोस् । यसै क्रममा स्थानीय अन्य शब्दको पनि समुचित रूपमा प्रयोग गर्नुहोस् । बीचबीचमा बाघ कसरी बोल्यो होला, गोरु कसरी बोल्यो होला भनी अनुकरणात्मक ढङ्गले बोल्न लगाउनुहोस् ।

(च) विद्यार्थीलाई यो कथा भन्न लगाउनुहोस् । यसै क्रममा उनीहरूलाई आफूले जानेका कथा समेत भन्न लगाई त्यसका बारेमा पनि छलफल गराउनुहोस् । उनीहरूले सुनाएका कथाहरूमा बीचमा समस्या देखाएर थप प्रश्नोत्तर गर्नुहोस् । उदाहरणर्थः यस कथामा बाघ मान्छेको बुद्धि हेर्न घरै गएको भए के हुन्थ्यो होला भनी उनीहरूलाई सिर्जनात्मक विचार प्रस्तुत गर्न वा अन्य कथा बनाउन पनि अभिप्रेरित गर्नुहोस् ।

(छ) पाठको अभ्यास नं. १ गराउनुहोस् । लेख्न सक्ने विद्यार्थीलाई उत्तर लेख्ने कक्षाकार्य वा गृहकार्य दिनुहोस् । कक्षाका सबै विद्यार्थीलाई अभ्यास गराउनुहोस् । केहीलाई मात्र अभ्यास गराएर अरूलाई बेवास्ता गरिदिने काम नगर्नुहोस् ।

(ज) पाठको अभ्यास नं. २ गराउनुहोस् । विद्यार्थीलाई उनीहरूले जानेका स्थानीय गीत वा कथा भन्न लगाउनुहोस् ।

(झ) पाठको अभ्यास नं.३ गराउनुहोस् र अन्य थप अभ्यास बनाएर पनि कक्षा कार्य गर्न लगाउनुहोस् ।

(ञ) पाठको अभ्यास नं. ५ लाई कथात्मक ढङ्गले भन्न र लेख्न लगाउनुहोस् ।

(ट) अभ्यास नं. ५ गराउनुहोस् । नमिलेमा सच्याइदिनुहोस् ।

(ठ) पाठको ६ नं. अभ्यास गराउनुहोस् । यस्तै अन्य शब्द दिएर विद्यार्थीलाई पढ्न लगाउनुहोस् र राम्ररी पढ्न नजाने सिकाइदिनुहोस् ।

(ड) पाठको ७ नं. अभ्यास गराउनुहोस् । यस क्रममा पाठका अन्य शब्दको पनि अर्थ बताइदिनुहोस् ।

(ढ) पाठको ८, ९ र १० नं. अभ्यास गराउनुहोस् । यस क्रममा विद्यार्थीलाई उच्चारण र अर्थका दृष्टिले गाह्रो लागेका शब्द तथा सरल वाक्यको श्रुतिलेखन पटकपटक गराउनुहोस् ।

(त) पाठको ११ नं. अभ्यास गराउनुहोस् । यस अभ्यासमा वचनका दृष्टिले वाक्यमा देखिने त्रुटि सिकाउन खोजिएको हो । यस पक्षलाई ख्याल गरेर पर्याप्त अभ्यास गराउनुहोस् ।

(थ) शिक्षकले आफूले जानेका कथा सुनाएर यसै गरी छलफल गराउनुहोस् । विद्यार्थीलाई पनि उनीहरूले जानेका कथा भन्न लगाएर तिनका बारेमा पनि छलफल गराउनुहोस् । उनीहरूले सकेमा कथालाई चित्रमा उतार्न समेत लगाउनुहोस् ।

४. **मूल्याङ्कन**

(क) यो कथा सस्वर पढ्न लगाउनुहोस् ।

(ख) पाठका बारेमा प्रश्नोत्तर र छलफल गराउनुहोस् ।

जस्तै : गोरुले किन मानिसलाई जित्न सकेन ?

(ग) सरल शब्द र वाक्यको अनुलेखन गराई जाँचिदिनुहोस् ।

(घ) सरल वाक्य रचना गर्न लगाउनुहोस् ।

५. **थप कुरा**

(क) कथा पठनका क्रममा विद्यार्थीलाई आफूले जानेका कथा भन्ने र तिनलाई चित्रमा उतार्ने कार्यसमेत गराउनु राम्रो हुन्छ ।

(ख) शिक्षकले भाषिक वा सांस्कृतिक जातीय रूपले कुनै विद्यार्थीलाई आक्षेप लाग्ने कथा भन्नु हुँदैन ।

## पाठ एघार नाच्यो जुरेली

**अनुमानित घन्टी – १२**

१. **उद्देश्य**

**यस पाठका अन्त्यमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) पाठमा भएका शब्दहरू शुद्ध उच्चारण गर्न,

(ख) जुरेली चरीका बारेमा वर्णन गर्न,

(ग) 'नाच्यो जुरेली' भन्ने बालगीत र स्थानीय गीत हाउभाउ र लयका साथ गाउन,

(घ) जुरेली चरीका बारेमा पाठसँग सम्बन्धित साधारण प्रश्नोत्तर गर्न,

(ङ) छोटा अनुच्छेदको अनुलेखन गर्न,

(च) परिचित शब्दलाई वाक्यमा प्रयोग गर्न,

(छ) सर्वनाम र क्रियापदको सङ्गति मिलेका साधारण वाक्य लेख्न ।

२. **शैक्षिक सामग्री**

(क) जुरेलीको चित्र

(ख) शब्दपत्ती/वाक्यपत्ती

३. **शिक्षणसिकाइ क्रियाकलाप**

(क) जुरेलीको चित्र देखाएर यो के हो, कसरी कराउँछ, कहाँ बस्छ भन्ने प्रश्न सोध्नुहोस् ।

(ख) आफूले हाउभाउ र लयका साथ 'नाच्यो जुरेली' भन्ने बालगीत गाएर विद्यार्थीहरूलाई सुनाउनुहोस् ।

(ग) पाठको गीतका एकदुई लाइन पहिले आफूले गाउनुहोस् र पछि विद्यार्थीलाई समूहमा गाउन लगाउनुहोस् ।

(घ) विद्यार्थीलाई पहिले समूहमा र पछि एक्लाएक्लै 'नाच्यो जुरेली' बालगीत गाउन लगाउनुहोस् ।

(ङ) विद्यार्थीलाई जुरेलीले नाचेर के गऱ्यो ? जुरेलीको गुँड कहाँ छ ? भन्ने अभ्यास नं. १ मा दिइएका जस्ता प्रश्न सोध्नुहोस् ।

(च) विद्यार्थीलाई आलोपालो अभ्यास नं. ६ का शब्द तथा वाक्य पढ्न लगाउनुहोस् । हेरेर पढ्ने विद्यार्थीले ठीक पढेको छछैन ख्याल गर्न लगाउनुहोस् ।

(छ) पाठ्यपुस्तकमा दिइएका सुनाइ, बोलाइ, पढाइ र लेखाइका सबै अभ्यास गराउनुहोस् । विद्यार्थीले गरेका गल्ती ख्याल गरेर सच्याइदिनुहोस् र आवश्यकतानुसार थप अभ्यास गराउनुहोस् ।

## ४. मूल्याङ्कन

(क) विद्यार्थीहरूलाई आलोपालो 'नाच्यो जुरेली' बालगीत र अन्य स्थानीय गीत गाउन लगाएर उनीहरूको हाउभाउ, लय र शब्द उच्चारणको लेखाजोखा गर्नुहोस् ।

(ख) विद्यार्थीहरूले पाठमा भएका चित्र कत्तिको प्रस्टसँग वर्णन गरे, लेखाजोखा गर्नुहोस् ।

(ग) विद्यार्थीले सोधेका प्रश्नको कस्तो उत्तर दिए, लेखाजोखा गर्नुहोस् ।

(घ) लेख्न दिएका शब्द र वाक्य विद्यार्थीले हिज्जे, मात्रा, सङ्गति मिलाएर लेखेका छन् छैनन् जाँच्नुहोस् ।

# पाठ बाह्र स्यालको जुक्ती

**अनुमानित घन्टी – १४**

१. **उद्देश्य**

**यस पाठका अन्त्यमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) 'स्यालको जुक्ती' कथा हाउभाउसहित पढ्न,

(ख) पाठका सन्दर्भमा प्रश्नोत्तर र छलफल गर्न,

(ग) सरल शब्द, वाक्य र अनुच्छेदको अनुलेखन र श्रुतिलेखन गर्न,

(घ) सूचना पढेर उत्तर दिन,

(ङ) शब्द शुध्याउन

(च) सरल वाक्य रचना गर्न ।

२. **शिक्षणसिकाइ सामग्री**

(क) पाठका चित्र

(ख) चित्रपत्ती/शब्दपत्ती/वाक्यपत्ती

(ग) सूचनाका नमुना

(घ) अशुद्ध शब्द सूची

३. **शैक्षिक क्रियाकलाप**

(क) पाठ राम्ररी पढेर शिक्षणसिकाइ सामग्री र पढाउने विधिबारे स्पष्ट भई पाठयोजना तयार पार्नुहोस् ।

(ख) तलका जस्ता प्रश्न सोध्दै कथा पठनप्रति अभिप्रेरित गर्नुहोस् :

- स्याल कहाँ बस्छ ?
- के स्यालले पनि मान्छेले जस्तै जुक्ती लगाउन सक्छ ?

यस्तै अरू प्रश्न सोध्दै पठनप्रति उत्साहित पार्नुहोस् ।

(ग) कक्षाका कुनै/केही विद्यार्थीलाई यो पाठ हाउभाउसहित पढेर सुनाउन लगाउनुहोस् । उनीहरूले पढ्न नजानेमा आफैँले हाउभाउसहित पढिदिएर उनीहरूलाई पुस्तक हेर्न लगाउनुहोस् ।

(घ) विद्यार्थीलाई पालैपालो यो कथाको हाउभाउ मिलाएर पढ्न लगाउनुहोस् र उनीहरूलाई उच्चारण गर्न गाह्रो लागेका शब्द कालोपाटीमा टिप्नुहोस् । यसपछि सबै विद्यार्थीलाई पालैपालो स्पष्टसँग उच्चारण गर्न लगाउनुहोस् । पटकपटक अभ्यास पनि गराउनुहोस् । विद्यार्थीले आफूलाई गाह्रो लाग्ने शब्द थाहा नपाउन सक्छन् । पढ्दा विद्यार्थीलाई उच्चारण गर्न गाह्रो

भएका शब्द शिक्षक आफैँले टिपोट गर्नुहोस् । प्रश्नोत्तर र छलफलका क्रममा ती शब्दका अर्थसमेत बताइदिनुहोस् । हाउभाउ नमिलाई पढेका ठाउँ पनि ख्याल गर्नुहोस् ।

(ङ) यस कथामा विद्यार्थीले विभिन्न शब्दको अर्थ नजान्न सक्छन् । त्यस्ता शब्दका बारेमा प्रश्नोत्तर गराएर, चित्र देखाएर र वाक्यमा प्रयोग गरेर तिनको अर्थ स्पष्ट पारिदिनुहोस्। यसै क्रममा स्थानीय अन्य शब्दको पनि समुचित रूपमा प्रयोग गर्नुहोस् । स्याल चिनाउन चित्रको प्रयोग गर्नुहोस् । बीचबीचमा स्यालले कसरी बोल्यो होला, बाघले कसरी बोल्यो होला भनी अनुकरणात्मक ढङ्गले बोल्न लगाउनुहोस् ।

(च) विद्यार्थीलाई यो कथा भन्न लगाउनुहोस् । यसै क्रममा उनीहरूलाई आफूले जानेका कथासमेत भन्न लगाई त्यसका बारेमा पनि छलफल गराउनुहोस्। उनीहरूले सुनाएका कथाहरूमा बीचमा समस्या देखाएर थप प्रश्नोत्तर गर्नुहोस् । उदाहरणार्थ: यस कथामा गुफाभित्रको बाघ नबोलेको भए के हुन्थ्यो होला भनी उनीहरूलाई सिर्जनात्मक विचार प्रस्तुत गर्न वा अन्य कथा बनाउन पनि अभिप्रेरित गर्नुहोस् ।

(छ) पाठको अभ्यास नं. १ गराउनुहोस् । लेख्न सक्ने विद्यार्थीलाई उत्तर लेख्ने कक्षाकार्य वा गृहकार्य दिनुहोस् ।

(ज) पाठको अभ्यास नं. २ गराउनुहोस् । यस क्रियाकलापका लागि विद्यार्थीलाई सामूहिक छलफल गराउनुहोस् ।

(झ) पाठको अभ्यास नं. ३ गराउनुहोस् र राम्रा कथा भन्नेलाई स्याबासी दिनुहोस् । कसैको कथालाई नराम्रो भनी हतोत्साहन भने नगर्नुहोस् ।

(ञ) अभ्यास नं. ४ गराउनुहोस् । यहाँ दिइएका शब्द र वाक्य नमुना मात्र हुन् । तपाईंले कक्षाका विद्यार्थीको स्तर हेरी उनीहरूले नजान्ने अरू शब्द र वाक्य टिपोट गरी अभ्यास गराउनुहोस् ।

(ट) पाठको ५ नं. अभ्यास गराउनुहोस् । यस्तै अन्य विभिन्न सूचना पढ्न लगाएर प्रश्न सोधी उत्तर भन्न लगाउनुहोस् ।

(ठ) पाठको ६ नं. अभ्यास गराउनुहोस् । यस क्रममा उनीहरूले नजानेका अरू शब्दको पनि अर्थ बताइदिनुहोस् ।

(ड) पाठको ७ नं. अभ्यास गराउनुहोस् । अरू थुप्रै अशुद्ध शब्द दिएर तिनलाई पनि सच्याएर लेख्न लगाउनुहोस् । सुरुसुरुमा शब्दमा एउटा मात्र गल्ती दिनुहोस् । पछि एकभन्दा बढी गल्ती भएका शब्दलाई सच्याउने अभ्यास पनि गराउनुहोस् ।

(ढ) पाठको ८ नं. अभ्यास गराउनुहोस् । उनीहरूका स्तरअनुकूलका अन्य अनुच्छेद दिएर पनि सार्न लगाउनुहोस् ।

(ण) पाठको अभ्यास नं. ९ र १० गराउनुहोस् र यस्तै प्रशस्त अभ्यास बनाएर शुद्ध वाक्य रचना गर्ने क्रियाकलाप गराउनुहोस् ।

(त) शिक्षकले आफूले जानेका कथा सुनाएर यसैगरी छलफल गराउनुहोस् । विद्यार्थीलाई पनि उनीहरूले जानेका कथा भन्न लगाएर तिनका बारेमा पनि छलफल गराउनुहोस् । साथै पाठ्यपुस्तकको कथा र उनीहरूले भनेका कथाबीच पनि तुलना गरिदिनुहोस् ।

४. **मूल्याङ्कन**

(क) यो कथा सस्वर पढ्न लगाउनुहोस् ।

(ख) पाठका बारेमा प्रश्नोत्तर र छलफल गराउनुहोस् ।

जस्तै : बाघले के गर्ने विचार गरेको थियो ?

(ग) सरल शब्द र वाक्यको अनुलेखन गराई जाँचिदिनुहोस् ।

(घ) सूचना पढ्न लगाई प्रश्न सोध्नुहोस् ।

(ङ) गलत शब्द दिएर सच्याउन लगाउनुहोस् ।

(क) शिक्षकले आफूलाई उपयुक्त लागेका विभिन्न क्रियाकलाप गराएर, पाठ्यपुस्तकका अभ्यास पुनरावृत्ति गराएर र गृहकार्यका माध्यमले विद्यार्थीमा पाठका उद्देश्यअनुरूपका सिकाइउपलब्धि हासिल गराउनुहोस् ।

# पाठ तेह्र  गौँथलीको गुँड

**अनुमानित घन्टी – १४**

१. **उद्देश्य**

**यस पाठका अन्त्यमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) सरल शब्द र वाक्यहरू पढ्न,

(ख) पाठका सन्दर्भमा प्रश्नोत्तर गर्न,

(ग) आफ्नो घरको वर्णन गर्न,

(घ) सरल शब्द र वाक्यको अनुलेखन गर्न,

(ङ) चन्द्रबिन्दु प्रयोग भएका शब्द लेख्न,

(च) सरल वाक्य लेख्न ।

२. **शैक्षिक सामग्री**

(क) चित्रपत्ती/शब्दपत्ती र वाक्यपत्तीहरू

(ख) गौँथलीको चित्र/स्थानीय क्षेत्रका चराचुरुङ्गीका चित्र

३. **शिक्षणसिकाइ क्रियाकलाप**

(क) कक्षा सुरु गर्नुपूर्व पाठको चित्र वा अन्य यस्तै चित्र देखाउँदै निम्नानुसारका प्रश्न सोधेर सिकाइप्रति उत्प्रेरणा बढाउनुहोस् :

- तिमीले गौँथली देखेका छौ ?
- तिम्रो घरमा गौँथलीले गुँड लगाएको छ ?
- गौँथलीले गुँड कहाँ लगाउँछ ?
- गौँथलीले केबाट गुँड बनाउँछ ?

कसैले गौँथली देखेको छैन भने उनीहरूले देखेका स्थानीय पन्छी र तिनका गुँडका बारेमा छफफल गराउँदै गौँथली र गौँथलीको गुँडसँग तुलना गर्नुहोस् ।

(ख) शिक्षकले यो पाठ पढेर विद्यार्थीलाई सुनाउनुहोस् र विद्यार्थीलाई पनि पालैपालो पढ्न लगाउनुहोस् । यसपछि पहिले सबै विद्यार्थीलाई र पछि एकएक गरी सबैलाई पाठ पढेर सुनाउन लगाउनुहोस् । कुनै विद्यार्थीले राम्ररी पढ्न सक्छन् भने ती विद्यार्थीलाई पढ्न र अरूलाई सुन्न लगाउनुहोस् । विद्यार्थीको पढाइका राम्रा पक्षलाई स्याबासी दिँदै प्रोत्साहन गर्नुहोस् । कमजोर पक्षलाई चाहिँ सुधार गर्न सहयोग गर्नुहोस् ।

(ग) विद्यार्थीले पढेका वेला उनीहरूले उच्चारण गर्न नसकेका शब्द टिपोट गरी तिनको उच्चारण अभ्यास गराउनुहोस् । यस पाठमा विद्यार्थीले भिँजा, हाँगा, टोड्को, कुना, खापा, दलिन, ओसार्नु, हुरी आदि थुप्रै शब्दको अर्थ नबुझ्न सक्छन् । यी शब्दका बारेमा प्रश्नोत्तर र छलफल गरेर, चित्र देखाएर, अर्थ बताएर र वाक्यमा प्रयोग गरेर/गराएर शब्दको अर्थ स्पष्ट पारिदिनुहोस् । थप अभ्यास पनि गराउनुहोस् । विद्यार्थीले शब्दको अर्थ जानेनन् भने शिक्षकले शब्दकोशको उपयोग गरी अनेक विकल्प दिएर अर्थ बुझाउनुहोस् ।

(घ) शब्द र वाक्यको अर्थ लगाउँदै पाठको व्याख्या, प्रश्नोत्तर र छलफल गराउनुहोस् । यस कार्यमा विद्यार्थीको सहभागिता र सक्रियतामा विशेष जोड दिनुहोस् ।

(ङ) गौँथली (वा स्थानीय क्षेत्रमा पाइने अन्य चराहरू) का बारेमा कस्ता हुन्छन्, कसरी कराउँछन्, कहाँ बस्छन्, के खान्छन् आदि प्रश्नका माध्यमले विद्यार्थीविद्यार्थीबीच छलफल गराई उनीहरूले जानेका कुरा भन्न अभिप्रेरित गर्नुहोस् । उनीहरूले भनेका कुरा नमिल्ने भए पनि हतोत्साहन नगर्नुहोस् र सुधारका लागि अभिप्रेरित गर्नुहोस् ।

(च) पाठको अभ्यास नं .१ गराउनुहोस् । लेख्न सक्ने विद्यार्थीलाई यी प्रश्नका उत्तर लेख्ने अभ्याससमेत गराउनुहोस् ।

(छ) पाठको अभ्यास नं. २ गराउनुहोस् । यो अभ्यास गराउँदा घर बनाउने स्थानीय साधन र स्थानीय क्षेत्रमा पाइने चराका गुँडलाई तुलना गराउनु उपयुक्त हुन्छ ।

(ज) पाठको अभ्यास नं. ३ र ४ गराउनुहोस् र यस्तै अरू अभ्यास बनाएर सबैलाई कक्षाकार्य दिनुहोस् । उनीहरूले गरेका कार्यको परीक्षण गरी प्रशंसा गर्ने वा सुधार का उपाय अपनाउने गर्नुहोस् । यी अभ्यास विद्यार्थीका मौखिक अभिव्यक्तिसँग सम्बन्धित भएकाले लेख्नमा भन्दा बोल्नमै बढी जोड दिनुहोस् ।

(झ) पाठको अभ्यास नं. ५ गराउनुहोस् र साथसाथै पाठबाहिरका अन्य सामग्रीबाट पनि यस्तै अन्य थप अभ्यास गराउनुहोस् ।

(ञ) विद्यार्थीलाई पाठ्यपुस्तकको अभ्यास नं. ६ गराउनुहोस् । यो नमुना मात्र हो । पाठबाट वा पाठबाहिरका उपयुक्त सामग्रीबाट पनि यस्तै शब्द खोजी अभ्यास गराउनुहोस् ।

(ट) पाठको अभ्यास नं. ७ गराउनुहोस् र यसैगरी विद्यार्थीलाई नयाँनयाँ शब्द दिई तिनको अर्थ खोज्न अभिप्रेरित गर्नुहोस् ।

(ठ) पाठको अभ्यास नं. ८ गराउनुहोस् । यो अभ्यास गराउनुपूर्व यसैसाथ दिइएको निर्देशन राम्ररी पढ्नुहोस् ।

(ड) पाठको अभ्यास नं. ९ गराउनुहोस् । चन्द्रबिन्दुको उच्चारणमा विद्यार्थी झुक्किने तथा उच्चारण ठीक नहुने हुँदा यस्ता थुप्रै अभ्यास बनाएर एकपटक अभ्यास गराउनुहोस् । जस्तै : 'सँग' को उच्चारण 'सङग', हुँदैन को उच्चारण 'हुन्दैन' हुन सक्ने भएकाले विशेष ख्याल गर्नुहोस् ।

(ढ) पाठको अभ्यास नं. १० गराउनुहोस् । यस्ता अभ्यास गराउँदा स्थानीय क्षेत्रकै पात्र दिई स्थानीय घरको वर्णन गर्न लगाउनुहोस् । यो क्रियाकलाप मौखिक वा लिखित रूपमा गराउन सकिन्छ ।

(ण) पाठको अभ्यास नं.११ गराउनुहोस् । विद्यार्थीले शुद्धसँग वाक्यनिर्माण गर्न सकेनन् भने तत्काल सहयोग गर्नुहोस् । यो अभ्यास मौखिक र लिखित रूपमा गराउनुहोस् र विद्यार्थीलाई कक्षाकार्य र गृहकार्यका रूपमा अपेक्षित अभ्यास गराउनुहोस् ।

(त) पाठको अभ्यास नं. १२ गराउनुहोस् । अभ्यास गराउँदा विद्यार्थीको स्तर र क्षमताको ख्याल गर्दै बढीभन्दा बढी वाक्यनिर्माण गर्न अभिप्रेरित गर्नुहोस् ।

४. **मूल्याङ्कन**

(क) माथिका क्रियाकलापका आधारमा विद्यार्थीले शुद्धसँग शब्द तथा वाक्य पढेनपढेको, प्रश्नका उत्तर सही ढङ्गले दिएनदिएको, शब्दको सही चयन गरेनगरेको, शब्दको वर्णविन्यास ठीकसँग मिलाएनमिलाएको ख्याल गर्नुहोस् । आवश्यकतानुसार निम्नानुसारका प्रश्न बनाएर सोध्नुहोस् :

- गौँथलीले गुँड कहाँ बनाउँछ ?
- खटप्वाल शब्दको अर्थ के हो ?
- दलिन र कुनामा के फरक छ ? आदि ।

(ख) विद्यार्थीले आफूले देखेका चराका गुँड, गुँड बनाउने साधन, गुँड बनाउने ठाउँ, मानिसका घर आदिको वर्णन गर्न सकेनसकेको, शब्द र वाक्यको अनुलेखन गर्न सकेनसकेको शब्दको प्रयोग ठीकसँग गरेनगरेको ख्याल गर्दै उनीहरूको भाषिक दक्षताको मूल्याङ्कन गर्नुहोस् ।

५. **थप सुझाव**

(क) कक्षाका सबै विद्यार्थीलाई उनीहरूले देखेजानेका विषय, क्षेत्र, जीवजन्तु र तिनको वासस्थान, चराचुरुङ्गी र तिनका गुँड आदिका बारेमा मौखिक र विद्यार्थीको क्षमताअनुसार लिखित रूपमा समेत वर्णन गर्न लगाउनुहोस् र तत्काल परीक्षण गरी सुधारका उपाय अपनाउनुहोस् । कुनै विद्यार्थी यस्ता क्रियाकलापमा रुचि राख्दैनन् भने तिनको वैयक्तिक अभिलेख अध्ययन गरी सुधारका अन्य उपायसमेत अपनाउनुहोस् ।

(ख) कक्षाका सबै क्षमताका विद्यार्थीलाई बोल्ने, पढ्ने र लेख्ने समान अवसर दिनुहोस् ।

# पाठ चौध लाक्पा र पासाङ

**अनुमानित घन्टी – १४**

१. **उद्देश्य**

**यस पाठका अन्त्यमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) निर्दिष्ट संवाद हाउभाउसहित सस्वरवाचन गर्न,

(ख) संवादलाई अभिनेयात्मक रूपमा प्रस्तुत गर्न,

(ग) पाठका आधारमा सोधिएका प्रश्नहरूको उत्तर दिन,

(घ) श्रुतिबोध गर्न र दृश्य वर्णन तथा अनुभव वर्णन गर्न,

(ङ) कठिन शब्दहरूको शुद्ध उच्चारण गर्न र अर्थ बताउन,

(च) अनुलेखन गर्न,

(छ) निर्दिष्ट ढाँचामा परिचयात्मक विवरण लेख्न,

(ज) दिइएका शब्दबाट वाक्य रचना गर्न ।

२. **शैक्षिक सामग्री**

(क) पाठका चित्र

(ख) संवादका नमुनाहरू

(ग) शब्दपत्ती, चित्रपत्ती र वाक्यपत्ती

३. **शिक्षणसिकाइ क्रियाकलाप**

(क) पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको अध्ययन गरी सङ्क्षिप्त शिक्षण योजना तयार गर्नुहोस् ।

(ख) पाठका सुरुमा दिइएका चित्रमा देखिएका मानिस, तिनका क्रियाकलाप आदि विषयमा छलफल गराउनुहोस् ।

(ग) पाठको विषयवस्तुतर्फ प्रवेश गर्नुअगाडि तलका जस्ता प्रश्नहरूबाट विद्यार्थीको थप ध्यान आकृष्ट गर्नुहोस् :

- तिम्रो गाउँठाउँमा हाट लाग्छ ?
- तिमी हाटमा गएका छौ ?
- हाट भनेको के हो ?
- हाटमा केके पाइन्छ ?
- तिमीहरू एक्लै हाटमा जान्छौ कि कसैसँग जाने गर्दछौ ?
- हाटमा गएर केही खान्छौ कि खाँदैनौ ?
- हाटमा भएका कस्ता खानेकुरा खानु हुन्छ र कस्ता खानेकुरा खानु हुँदैन ?

(घ) प्रस्तुत पाठ शिक्षकले हाउभाउसहित सस्वरवाचन गरी सुनाउनुहोस् र विद्यार्थीलाई पाठ राम्ररी सुन्न लगाउनुहोस् ।

(ङ) शिक्षकले नमुना सस्वरवाचन गरी सुनाएपछि विद्यार्थीहरूलाई पनि पालैपालो सस्वरवाचन गर्न लगाउनुहोस् । विद्यार्थीले त्यसरी सस्वरवाचन गर्दा शुद्ध उच्चारण गर्न नसकेका र अप्ठेरा मानेका शब्द कालोपाटीमा टिपी तिनको शुद्ध उच्चारण गरी सुनाएर सम्बन्धित विद्यार्थीलाई पटकपटक उच्चारण गर्न लगाउनुहोस् ।

(च) लाक्पा र पासाङको भूमिका तोकेर विद्यार्थीहरूलाई पालैपालो संवादको अभिनय गर्न लगाउनुहोस् । अभिनय गर्दा हाउभाउ नमिलाउने विद्यार्थीलाई उपयुक्त ढङ्गले अभिनय गर्न उत्प्रेरित गर्नुहोस् ।

(छ) पाठको अभ्यास नं. १ मा दिइएको प्रश्नोत्तर मौखिक तथा लिखित दुवै रूपमा गर्न लगाउनुहोस् ।

(ज) पाठको अभ्यास नं. २ का आधारमा श्रुतिलेखन क्रियाकलाप गराउनुहोस् ।

(झ) अभ्यास नं. ३ का आधारमा बुँदागत रूपमा सरल भाषामा अनुभव वर्णन गर्न लगाउने क्रियाकलाप गराउनुहोस् ।

(ञ) पाठको अभ्यास नं. ४ को घटना बताई तिमीले स्कुल छुट्टी नभएसम्म स्कुलमै बस्न साथीलाई कसरी सम्झाउँछौ भनेर केही विद्यार्थीलाई कक्षामा भन्न लगाउनुहोस् । विद्यार्थीले दिएका तर्कसमेतका आधारमा हामी अनुशासित हुनुपर्छ भन्ने सन्देशमूलक आशयसहितका अन्य उपाय बताइदिनुहोस् ।

(ट) पाठको अभ्यास नं. ५ मा दिइएका र अन्य यस्तै शब्दहरू दिई विद्यार्थीहरूलाई कठिन शब्दहरूको शुद्ध उच्चारण गर्ने अभ्यास गराउनुहोस् । यस्तो क्रियाकलाप गराउँदा भाषागत दृष्टिले कमजोर विद्यार्थीहरूलाई विशेष केन्द्रित गर्नुहोस् ।

(ठ) पाठको अभ्यास नं. ६ मा दिइएको धनियाँ र डाक्टरबीचको संवादलाई विद्यार्थीबीच अभिनय गरेर प्रदर्शन गर्न लगाउनुहोस् । अभिनय गर्दा एकजना डाक्टर र अर्कालाई धनियाँ बनाई भूमिका निर्वाह गर्न लगाउनुहोस् । अभिनयमा देखिएका कमीकमजोरीलाई सुधार गर्न सहयोग पुऱ्याउनुहोस् ।

(ड) अभ्यास नं. ७ मा दिइएका शब्दार्थ शिक्षणका लागि जोडा मिलाऊ क्रियाकलाप कक्षाकोठामा गराउनुहोस् । थप अभ्यासका लागि यस्तै अरू जोडा मिलाउने प्रश्न दिनुहोस् ।

(ढ) अभ्यास नं. ८ लाई घरबाट गरेर ल्याउन निर्देशन दिनुहोस् र घरबाट गरेर ल्याएको अनुलेखनलाई हेरी शुद्ध लेख्न आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् । यो अभ्यास गराउनुपूर्व यसैसाथ दिइएको शिक्षण निर्देशन पढ्नुहोस् ।

(ण) अभ्यास नं. ९ का आधारमा आ-आफ्नो गाउँ/टोलका बारेमा परिचयात्मक विवरण लेख्न लगाउनुहोस् । यसका लागि उक्त प्रश्नमा दिइएको गद्यांशका बारेमा विद्यार्थीहरूबीच छलफल गरी मङ्गलीको गाउँका बारेमा स्पष्ट पारेपछि त्यसैगरी आफ्नो गाउँ वा टोलका बारेमा पनि लेख्न निर्देशित गर्नुहोस् । उनीहरूको लेखाइका आधारमा आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

(त) अभ्यास नं. १० र ११ एवम् त्यस्तै अन्य प्रश्न दिएर दिइएका शब्दका आधारमा वाक्य रचना गर्ने अभ्यास गराउनुहोस् । यसरी निर्दिष्ट शब्द दिई वाक्य लेखन गराउँदा विद्यार्थीले गरेका गल्ती वा कमजोरीको पृष्ठपोषण गर्नुहोस् ।

४. **मूल्याङ्कन**

(क) निर्दिष्ट संवाद दिई त्यसको हाउभाउसहित सस्वरवाचन गर्न लगाउनुहोस् ।

(ख) संवाद दिएर त्यसको हाउभाउसहित अभिनय गर्न लगाउनुहोस् ।

(ग) पाठका आधारमा विभिन्न प्रश्न सोधी उत्तर दिन लगाउनुहोस् ।

(घ) श्रुतिबोध तथा दृश्यवर्णन गर्न लगाउनुहोस् ।

(ङ) पाठमा प्रयुक्त सरल शब्दका अर्थ बताउन लगाउनुहोस् ।

(च) पाठलाई अनुलेखन गर्न लगाउनुहोस् ।

(छ) निर्दिष्ट ढाँचामा परिचयात्मक विवरण लेख्न लगाउनुहोस् ।

(ज) खाली ठाउँ भर्ने वा जोडा मिलाउने जस्ता प्रश्नबाट वाक्य रचना गर्न लगाउनुहोस् ।

५. **थप सुझाव**

(क) संवाद शिक्षणको मुख्य उद्देश्य अभिनय सीपको विकास गर्नु भएकाले यो पाठ शिक्षण गर्दा मूलतः अभिनय सीप र त्यसका साथसाथै अन्य भाषिक सीप शिक्षणमा जोड दिनुहोस् ।

(ख) यसअघिका संवाद शिक्षण गर्दाको विद्यार्थीको रेकर्ड अभिलेख हेरी केकति थप उपलब्धि भयो, लेखाजोखा गर्ने प्रयास गरी निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई व्यवहारमा उतार्ने प्रयास गर्नुहोस् ।

(ग) कक्षामा समाहित शिक्षा अवधारणालाई प्रयोगमा ल्याउने प्रयास गर्नुहोस् ।

## पाठ पन्ध्र   के कहाँ बस्छ ?

**अनुमानित घन्टी – १२**

१. **उद्देश्य**

**यस पाठका अन्त्यमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) पाठमा भएका शब्दहरू शुद्ध उच्चारण गर्न,

(ख) परिचित वस्तुको चित्र वर्णन गर्न,

(ग) के कहाँ बस्छ भन्ने बालगीत र स्थानीय गीत हाउभाउ र लयका साथ गाउन,

(घ) साधारण प्रश्नोत्तर गर्न,

(ङ) दिइएका उपयुक्त शब्द चयन गरी वाक्य पूरा गर्न,

(च) परिचित वस्तुका बारेमा तीनचार वाक्य लेख्न,

(छ) दिइएका वाक्यमा उपयुक्त चिह्न प्रयोग गर्न ।

२. **शैक्षिक सामग्री**

गाई, बाख्रा, हात्ती आदिका चित्र

३. **शिक्षणसिकाइ क्रियाकलाप**

(क) भेडा, बाख्रा, गाई आदिका चित्र पालैपालो देखाएर यो के हो, कसरी कराउँछ, कहाँ बस्छ भन्ने प्रश्न सोध्नुहोस् ।

(ख) पाठमा केकेका चित्र छन्, मौरी कहाँ छ, गाई कहाँ छ भनेर प्रश्न सोध्नुहोस् । उनीहरूका उत्तर ध्यानपूर्वक सूनी प्रतिक्रिया दिनुहोस् ।

(ग) आफूले हाउभाउ र लयका साथ के कहाँ बस्छ भन्ने बालगीत गाएर विद्यार्थीहरूलाई सुनाउनुहोस् ।

(घ) पाठको गीतका एकदुई लाइन पहिले आफूले गाउनुहोस्  र पछि विद्यार्थीलाई समूहमा गाउन लगाउनुहोस् ।

(ङ) विद्यार्थीलाई पहिले समूह र पछि एक्लाएक्लै के कहाँ बस्छ बालगीत गाउन लगाउनुहोस् ।

(च) विद्यार्थीलाई अभ्यास नं . १ मा दिइएका जस्ता प्रश्न सोध्नुहोस् ।

(छ) विद्यार्थीलाई रेडियोमा सुनेको गीत आलोपालो गाउन लगाउनुहोस् ।

(ज) विद्यार्थीलाई आलोपालो अभ्यास नं. ५ का वाक्य पढ्न लगाएर उनीहरूका गल्ती सच्याइदिनुहोस् ।

(झ) पाठमा भएका लेखन अभ्यास र अरू अभ्यास गराउनुहोस् ।

४. **मूल्याङ्कन**

(क) विद्यार्थीहरूलाई आलोपालो 'के कहाँ बस्छ' बालगीत र अन्य स्थानीय गीत गाउन लगाएर उनीहरूको हाउभाउ, लय र शब्द उच्चारणको लेखाजोखा गर्नुहोस् ।

(ख) विद्यार्थीहरूले पाठमा भएका चित्र कतिको प्रस्टसँग वर्णन गरे, लेखाजोखा गर्नुहोस् ।

(ग) विद्यार्थीले सोधेका प्रश्नको कस्तो उत्तर दिए, लेखाजोखा गर्नुहोस् । यसका लागि निम्नानुसारका प्रश्न सोध्नुहोस् :

- गाई कहाँ बस्छ ?
- माछा कहाँ बस्छन् ? आदि ।

(घ) लेख्न दिएका शब्द र वाक्य विद्यार्थीले हिज्जे मात्रा, सङ्गति मिलाएर लेखेका छन् छैनन् जाँच्नुहोस् ।

## पाठ सोह्र फेरि मुसो भएस्

**अनुमानित घन्टी – १४**

१. **उद्देश्य**

यस पाठका अन्त्यमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) 'फेरि मुसो भएस्' कथा  हाउभाउ विचार गरेर पढ्न,

(ख) पाठका सन्दर्भमा प्रश्नोत्तर र छलफल गर्न,

(ग) अनुच्छेदको अनुलेखन र श्रुतिलेखन गर्न,

(घ) रेडियो सुनेर प्रतिक्रिया जनाउन,

(ङ) सरल वाक्य रचना गर्न,

(च) पूर्णविराम र प्रश्नवाचक चिह्न प्रयोग गर्न ।

२. **शैक्षिक सामग्री**

(क) पाठका चित्र/मुसो, बिरालो, कुकुर र बाघको चित्र

(ख) चित्रपत्ती/शब्दपत्ती

(ग) चिह्न सूची

३. **शिक्षणसिकाइ क्रियाकलाप**

(क) पाठ्यपुस्तकको पाठ राम्ररी पढेर शिक्षणसिकाइ सामग्री र पढाउने विधिबारे स्पष्ट भई पाठयोजना तयार पार्नुहोस् ।

(ख) तलका जस्ता प्रश्न सोधी विद्यार्थीलाई कथा पठनप्रति अभिप्रेरित गर्नुहोस् :

- ऋषि भनेका को हुन् ?
- कथामा कुनकुन जनावरका चित्र छन् ?
- कथाका जनावरमध्ये कुनै एक हुनुपरे तिमी के बन्थ्यौ किन ?

अरू गीत वा कथा पनि सुनाएर कथा पठनप्रति उत्साहित गर्नुहोस् ।

(ग) कक्षाका कुनै/केही विद्यार्थीलाई यो पाठ हाउभाउसहित पढेर सुनाउन लगाउनुहोस् । उनीहरूले पढ्न नजानेमा आफैँले हाउभासहित पढिदिएर उनीहरूलाई पुस्तक हेर्न लगाउनुहोस् ।

(घ) विद्यार्थीलाई पालैपालो यो कथा हाउभाउ मिलाएर पढ्न लगाउनुहोस् र उनीहरूलाई उच्चारण गर्न गाह्रो लागेका शब्द कालोपाटीमा टिप्नुहोस् । यसपछि सबै विद्यार्थीलाई पालैपालो स्पष्टसँग उच्चारण गर्न लगाउनुहोस् । पटकपटक अभ्यास पनि गराउनुहोस् । विद्यार्थीले आफूलाई गाह्रो लाग्ने शब्द थाहा नपाउन सक्छन् । पढ्दा विद्यार्थीलाई उच्चारण गर्न गाह्रो भएका शब्द शिक्षक आफैँले टिपोट गर्नुहोस् । प्रश्नोत्तर र फलफलका क्रममा ती शब्दका अर्थसमेत बताइदिनुहोस् । हाउभाउ नमिलाई पढेका ठाउँ पनि ख्याल गर्नुहोस् ।

(ङ) यस कथामा विद्यार्थीले विभिन्न शब्दको अर्थ नजान्न सक्छन् । त्यस्ता शब्दका बारेमा प्रश्नोत्तर गराएर, चित्र देखाएर र वाक्यमा प्रयोग गरेर ती शब्दको अर्थ स्पष्ट पारिदिनुहोस् । यसै क्रममा स्थानीय अन्य शब्दको पनि समुचित रूपमा प्रयोग गर्नुहोस् । मुसो, बिरालो, कुकुर र बाघ चिनाउन चित्रको प्रयोग गर्नुहोस् । बीचबीचमा बाघ कसरी बोल्यो होला, कुकुर कसरी बोल्यो होला भनी अनुकरणात्मक ढङ्गले बोल्न लगाउनुहोस् ।

(च) विद्यार्थीलाई यो कथा मुखैले भन्न लगाउनुहोस् । यसै क्रममा उनीहरूलाई आफूले जानेका कथासमेत भन्न लगाई त्यसका बारेमा पनि छलफल गराउनुहोस् । उनीहरूले सुनाएका कथाहरूका बीचमा समस्या देखाएर थप प्रश्नोत्तर गर्नुहोस् । उदाहरणार्थः यस कथामा बाघलाई ऋषिले मुसो नबनाइदिएको भए के हुन्थ्यो होला भनी उनीहरूलाई सिर्जनात्मक विचार प्रस्तुत गर्न वा अन्य कथा बनाउन पनि अभिप्रेरित गर्नुहोस् ।

(छ) पाठको अभ्यास नं. १ गराउनुहोस् । लेख्न सक्ने विद्यार्थीलाई उत्तर लेख्ने कक्षाकार्य वा गृहकार्य दिनुहोस् ।

(ज) पाठको अभ्यास नं. २, गराउनुहोस् । यस क्रियाकलापका लागि घरमा रेडियो हुने विद्यार्थीलाई रेडियोको कुनै कार्यक्रम सुन्न र रेडियो नहुनेलाई कुनै प्रश्न दिई घरका मानिसलाई सोधेर उत्तर तयार गर्न लगाउनुहोस् र उनीहरूले सुनाएको कुराको छलफल गरी प्रशंसासमेत गर्नुहोस् ।

(झ) पाठको अभ्यास नं. ३ गराउनुहोस् । प्रत्येक समूहलाई आफ्ना विचार भन्ने अवसर दिनुहोस् । यसपछि शिक्षकले सबै समूहको सार खिची कालोपाटीमा लेखिदिएर सार्न लगाउनुहोस् ।

(ञ) पाठको अभ्यास नं. ४ र ५ लाई कथात्मक ढङ्गले भन्न र लेख्न लगाउनुहोस् ।

(ट) पाठको ६ नं. अभ्यास गराउनुहोस् । यस्तै अन्य शब्द पनि दिएर पढ्न लगाउनुहोस् ।

(ठ) पाठको ७ नं. अभ्यास गराउनुहोस् । अर्थ नजानेका अरू शब्दको पनि अर्थ बताइदिनुहोस् ।

(ड) पाठको ८ नं. अभ्यास गराउनुहोस् । सबै विद्यार्थीहरूले पूरै पाठ सार्न नसक्ने हुँदा निश्चित अंशमात्र सार्न लगाउनुहोस् । उनीहरूले सारिसकेपछि त्रुटि भए देखाइदिएर पुनः सच्याएर सार्न लगाउनुहोस् ।

(ढ) पाठको ९ नं. अभ्यास गराउनुहोस् । यसपूर्व यसै अभ्यासमा दिइएको निर्देशन पढ्नुहोस् ।

(ण) पाठको अभ्यास नं. १० गराउनुहोस् । यस क्रममा विद्यार्थीको लेखाइ शुद्धीकरणमा ध्यान दिनुहोस् र अशुद्ध भए तत्काल सुधार्न लगाउनुहोस् ।

(त) पाठको अभ्यास नं ११ गराउनुहोस् र यस्तै अन्य अभ्यास बनाई पर्याप्त अभ्यास गराउनुहोस् ।

(थ) पाठको अभ्यास नं. १२ गराउनुहोस् र चिह्नको सही प्रयोग गराउन यस्ता क्रियाकलाप पटकपटक गराउनुहोस् ।

(द) शिक्षकले आफूले जानेका कथा सुनाएर यसै गरी छलफल गराउनुहोस् । विद्यार्थीलाई पनि उनीहरूले जानेका कथा भन्न लगाएर तिनका बारेमा पनि छलफल गराउनुहोस् ।

४. **मूल्याङ्कन**

(क) यो कथा सस्वर पढ्न लगाउनुहोस् ।

(ख) पाठका बारेमा प्रश्नोत्तर र छलफल गराउनुहोस् ।

(ग) अनुलेखन गराई जाँचिदिनुहोस् ।

(घ) सरल वाक्य रचना गर्न लगाउनुहोस् ।

(ङ) रेडियो सुनेर सुनेका कुरा भन्न लगाउनुहोस् ।

(च) पूर्णविराम र प्रश्नवाचक चिह्नको प्रयोग गर्न लगाउनुहोस् ।

# पाठ सत्र लुम्बिनी

**अनुमानित घन्टी – १४**

## १. उद्देश्य

**यस पाठका अन्त्यमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) सरल शब्द र वाक्यहरू पढ्न,

(ख) पाठका सन्दर्भमा प्रश्नोत्तर गर्न,

(ग) रेडियोको कार्यक्रम सुनेर प्रतिक्रिया दिन,

(घ) आफूले घरमा गर्ने कामहरूको सूची बनाउन,

(ङ) सरल शब्द र वाक्यको अनुलेखन गर्न,

(च) सरल वाक्य लेख्न ।

## २. शैक्षिक सामग्री

(क) चित्रपत्ती/शब्दपत्ती र वाक्यपत्तीहरू,

(ख) गौतमबुद्ध र लुम्बिनीको चित्र/स्थानीय क्षेत्रका मठमन्दिरको चित्र

## ३. शिक्षणसिकाइ क्रियाकलाप

(क) कक्षा सुरु गर्नुपूर्व पाठको चित्र वा अन्य यस्तै चित्र देखाउँदै निम्नानुसारका प्रश्न सोधेर सिकाइप्रति उत्प्रेरणा लगाउनुहोस् :

- तिमी कहीँ घुम्न गएका छौ ? कहाँ गएका छौ ?
- तिमीले त्यहाँ केके देख्यौ ?
- मानिसहरूले किन घुम्न मन पराएका होलान् ?
- घुम्दा हामीलाई केके फाइदा होला ?

कुनै विद्यार्थी कतै पनि घुम्न गएका छैनन् भने तिनलाई आफ्नै गाउँठाउँका बारेमा प्रश्न सोधेर बोल्न तथा ठाउँको वर्णन गर्न उत्प्रेरित गर्नुहोस् ।

(ख) शिक्षकले यो पाठ पढेर विद्यार्थीलाई सुनाउनुहोस् र विद्यार्थीलाई पनि पालैपालो पढ्न लगाउनुहोस् । यसपछि पहिले सबै विद्यार्थीलाई र पछि एकएक गरी सबैलाई पाठ पढेर सुनाउन लगाउनुहोस् । कुनै विद्यार्थीले राम्ररी पढ्न सक्छन् भने ती विद्यार्थीलाई पढ्न र अरूलाई सुन्न लगाउनुहोस् । विद्यार्थीको पढाइका राम्रा पक्षलाई स्याबासी दिँदै प्रोत्साहन गर्नुहोस् । कमजोर पक्षलाई चाहिँ सुधार गर्न सहयोग गर्नुहोस् । यही पाठमा मात्र केन्द्रित नहुनुहोस् र प्रसङ्गवश स्थानीय क्षेत्रका धार्मिक/ऐतिहासिक क्षेत्रको पनि तुलनात्मक वर्णन गरिदिनुहोस् ।

(ग) विद्यार्थीले पढेका वेला उनीहरूले उच्चारण गर्न नसकेका शब्द टिपोट गरी तिनको उच्चारण अभ्यास गराउनुहोस् । यस पाठमा विद्यार्थीले लुम्बिनी, जिल्ला, भगवान्, मूर्ति, स्तम्भ, मन्दिर, चैत्य, हुरी आदि थुप्रै शब्दको अर्थ नबुझ्न सक्छन् । यी शब्दका बारेमा प्रश्नोत्तर र छलफल गराएर, चित्र देखाएर, अर्थ बताएर र वाक्यमा प्रयोग गरेर/गराएर शब्दको अर्थ स्पष्ट पारिदिनुहोस् । थप अभ्यास पनि गराउनुहोस् । विद्यार्थीले शब्दको अर्थ जानेनन् भने शिक्षकले शब्दकोशको उपयोग गरी अनेक विकल्प दिएर अर्थ बुझाउनुहोस् ।

(घ) शब्द र वाक्यको अर्थ लगाउँदै पाठको व्याख्या, प्रश्नोत्तर र छलफल गराउनुहोस् । यस कार्यमा विद्यार्थीको सहभागिता र सक्रियतामा विशेष जोड दिनुहोस् ।

(ङ) स्थानीय क्षेत्रका धार्मिक, ऐतिहासिक, पर्यटकीय र अन्य स्थलका बारेमा कसरी पुगिन्छ, कति समय लाग्छ, चिसो वा तातो के छ, महत्त्व के हो जस्ता प्रश्नका माध्यमले विद्यार्थीविद्यार्थीबीच छलफल गराई उनीहरूले जानेका कुरा भन्न अभिप्रेरित गर्नुहोस् । उनीहरूले भनेका कुरा नमिल्ने भए पनि हतोत्साहन नगर्नुहोस् र सुधारका लागि अभिप्रेरित गर्नुहोस् ।

(च) पाठको अभ्यास नं. १ गराउनुहोस् । यस अभ्यासलाई मौखिक र लिखित दुवै रूपमा गराउनुहोस् ।

(छ) पाठको अभ्यास नं. २ गराउनुहोस् । सबै विद्यार्थीका घरमा रेडियो नहुन सक्छ । उनीहरूलाई रेडियो सुन्न नै कर नगर्नुहोस् । आमाबाबा कसैलाई सोधेर आउने खालका अभ्यास बनाई गृहकार्य दिनुहोस् ।

(ज) पाठको अभ्यास नं. ३ र ४ गराउनुहोस् र यस्तै अरू अभ्यास बनाएर सबैलाई कक्षाकार्य दिनुहोस् । उनीहरूले गरेका कार्यको परीक्षण गरी प्रशंसा गर्ने वा सुधारका उपाय अपनाउनुहोस् । यी अभ्यास विद्यार्थीका मौखिक अभिव्यक्तिसँग सम्बन्धित भएकाले लेखनभन्दा बोल्नमै बढी जोड दिनुहोस् । त्यस्तै मावल जाँदा बाटामा पर्ने ठाउँ वा तिम्रा छिमेकीले गर्ने काम बताऊ वा सोधर आई बताऊ भन्ने खालका सिर्जनात्मक अभ्यास पनि गराउनुहोस् ।

(झ) पाठको अभ्यास नं. ५ गराउनुहोस् । यसै गरी निम्नानुसारका प्रश्नका माध्यमले पनि बोलाइ सीप विकास गराउनुहोस् ।

- तिमी घुम्न जान पाए कहाँ जान्थ्यौ ? किन ?
- तिम्रो घरवरपर घुम्न लायकका कुनकुन ठाउँ छन् ?

(ञ) विद्यार्थीलाई पाठको अभ्यास नं. ६ गराउनुहोस् । यो नमुना मात्र हो । पाठबाट वा पाठबाहिरका उपयुक्त सामग्रीबाट पनि यस्तै शब्द खोजी पढ्ने अभ्यास गराउनुहोस् ।

(ट) पाठको अभ्यास नं. ७ गराउनुहोस् र यसैगरी विद्यार्थीलाई नयाँनयाँ शब्द दिई तिनको अर्थ खोज्न अभिप्रेरित गर्नुहोस् ।

(ठ) पाठको अभ्यास नं. ८ गराउनुहोस् । यो अभ्यास गराउनुपूर्व यसैसाथ दिइएको निर्देशन राम्ररी पढ्नुहोस् ।

(ड) पाठको अभ्यास नं.९ गराउनुहोस् । विद्यार्थीले शुद्धसँग वाक्यनिर्माण गर्न सकेनन् भने तत्काल सहयोग गर्नुहोस् । यो अभ्यास मौखिक र लिखित रूपमा गराउनुहोस् र विद्यार्थीलाई कक्षाकार्य र गृहकार्यका रूपमा अपेक्षित अभ्यास गराउनुहोस् ।

(ढ) पाठको अभ्यास नं. १० गराउनुहोस् । अभ्यास गराउँदा विद्यार्थीको स्तर र क्षमताको ख्याल गर्दै बढीभन्दा बढी वाक्यनिर्माण गर्न अभिप्रेरित गर्दै अभ्यास गराउनुहोस् । यहाँ दिएकाबाहेक अन्य शब्द दिइएर पनि वाक्य निर्माण गर्ने अभ्यास गराउनुहोस् ।

## ४. मूल्याङ्कन

(क) माथिका क्रियाकलापका आधारमा विद्यार्थीले शुद्धसँग शब्द तथा वाक्य पढेनपढेको, प्रश्नका उत्तर सही ढङ्गले दिएनदिएको ख्याल गर्नुहोस् । आवश्यकतानुसार निम्नानुसारका प्रश्न बनाएर सोध्नुहोस् :

- लुम्बिनी कहाँ पर्छ ?
- लुम्बिनी किन प्रसिद्ध छ ?
- हिजो तिमीले रेडियोमा के सुन्यौ ? आदि ।

(ख) विद्यार्थीले आफूले देखेका ठाउँको वर्णन गर्न सकेनसकेको, शब्द र वाक्यको अनुलेखन गर्न सकेनसकेको, वाक्यनिर्माण ठीकसँग गरेनगरेको ख्याल गर्दै उनीहरूको भाषिक दक्षताको मूल्याङ्कन गर्नुहोस् ।

## ५. थप सुझाव

(क) कक्षाका सबै विद्यार्थीलाई उनीहरूले देखेजानेका धार्मिक/ऐतिहासिक क्षेत्र, विषय, जीवजन्तु, चराचुरुङ्गी, किराफट्याङ्ग्रा आदिका बारेमा मौखिक र विद्यार्थीको क्षमताअनुसार लिखित रूपमा समेत वर्णन गर्न लगाउनुहोस् र तत्काल परीक्षण गरी सुधारका उपाय अपनाउनुहोस् ।

(ख) कक्षाका सबै क्षमताका विद्यार्थीलाई बोल्ने, पढ्ने र लेख्ने समान अवसर दिनुहोस् ।

## पाठ अठार हाम्रो देश नेपाल

**अनुमानित घन्टी – १२**

१. **उद्देश्य**

यस पाठका अन्त्यमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) पाठमा भएका कठिन शब्दहरूको शुद्ध उच्चारण गर्न,

(ख) पाठमा भएको चित्र वर्णन गर्न,

(ग) 'हाम्रो देश नेपाल' भन्ने बालगीत र स्थानीय गीत हाउभाउ र लयका साथ गाउन,

(घ) साधारण प्रश्नोत्तर गर्न,

(ङ) 'हाम्रो देश नेपाल' का बारेमा तीनचार वाक्यमा बताउन,

(च) शब्दभण्डार बढाउन अन्ताक्षरी खेल खेल्न,

(छ) बितेको समयमा आफूले गरेका काम चारपाँच वाक्यमा लेख्न ।

२. **शैक्षिक सामग्री**

(क) नेपालको नक्सा, डाँफे, हिमाल, धान, गहुँ, आँप, लिची, कटहर, झरना आदिका चित्र (सम्भव भएसम्म वस्तु)

(ख) शब्दपत्ती/वाक्यपत्ती

३. **शिक्षणसिकाइ क्रियाकलाप**

(क) नेपालको नक्सा देखाएर यो के हो ? हाम्रो देश कस्तो छ ? भन्ने प्रश्न सोध्नुहोस् ।

(ख) पाठमा केकेका चित्र छन्, डाँफे कहाँ छ, भनेर प्रश्न सोध्नुहोस् ।

(ग) आफूले हाउभाउ र लयका साथ 'हाम्रो देश नेपाल' भन्ने बालगीत गाएर विद्यार्थीहरूलाई सुनाउनुहोस् ।

(घ) पाठको गीतका एकदुई लाइन पहिले आफूले गराउनुहोस् र पछि विद्यार्थीलाई समूहमा गाउन लगाउनुहोस् ।

(ङ) विद्यार्थीलाई पहिले समूह र पछि एक्लाएक्लै 'हाम्रो देश नेपाल' बालगीत गाउन लगाउनुहोस् ।

(च) विद्यार्थीलाई अभ्यास नं. १ मा दिइएका जस्ता प्रश्न सोध्नुहोस् ।

(छ) विद्यार्थीलाई रेडियोबाट सुनेका गीत आलोपालो गाउन लगाउनुहोस् ।

(ज) विद्यार्थीलाई समूहमा 'नेपाल कस्तो छ' भनेर छलफल गर्नुहोस् र उनीहरूको छलफल अवलोकन गर्दै सहयोग गरिदिनुहोस् ।

(झ) विद्यार्थीहरूलाई पाठमा दिइएका लेखन अभ्यास गराएर उनीहरूका त्रुटि सच्याइदिनुहोस् ।

## ४. मूल्याङ्कन

(क) विद्यार्थीहरूलाई आलोपालो 'हाम्रो देश नेपाल' बालगीत र अन्य स्थानीय गीत गाउन लगाएर उनीहरूको हाउभाउ, लय र शब्द उच्चारणको लेखाजोखा गर्नुहोस् ।

(ख) विद्यार्थीहरूले पाठमा भएका चित्र र नेपालका बारेमा कत्तिको प्रस्टसँग वर्णन गरे, लेखाजोखा गर्नुहोस् ।

(ग) विद्यार्थीले प्रश्नको सोधेका कस्तो उत्तर दिए, लेखाजोखा गर्नुहोस् ।

(घ) लेख्न दिएका शब्द र वाक्य विद्यार्थीले हिज्जे, मात्रा, सङ्गति मिलाएर लेखेका छन्, छैनन् जाँच्नुहोस् ।

## पाठ उन्नाइस टिल्लीले धेरै मानिस बचाइन्

**अनुमानित घन्टी – १४**

१. **उद्देश्य**

**यस पाठका अन्त्यमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :**

(क) सरल शब्द र वाक्यहरू पढ्न,

(ख) पाठका सन्दर्भमा प्रश्नोत्तर गर्न,

(ग) चित्र वर्णन गर्न,

(घ) भित्तेपात्राको प्रयोग गर्न,

(ङ) आफूले गर्ने कामको वर्णन गर्न,

(च) सामान्य खालका बोध प्रश्नोत्तर गर्न,

(छ) सरल शब्द र वाक्यको अनुलेखन गर्न,

(ज) सरल वाक्य लेख्न ।

२. **शैक्षिक सामग्री**

(क) चित्रपत्ती/शब्दपत्ती र वाक्यपत्तीहरू,

(ख) भूकम्प, हुरी आदि प्राकृतिक प्रकोप देखाउने चित्र

(ग) भित्तेपात्रो

३. **शिक्षणसिकाइ क्रियाकलाप**

(क) कक्षा सुरु गर्नुपूर्व पाठको चित्र वा अन्य यस्तै चित्र देखाउँदै निम्नानुसारका प्रश्न सोधेर सिकाइप्रति उत्प्रेरणा जगाउनुहोस् :

- तिमीले हुरी, भूकम्प आदि आएको थाहा पाएका छौ ?
- यस्ता आपत्ति आइपर्दा तिमी के गर्छौ ?
- तिमी आपत्ति आइपर्दा अरूलाई कसरी सहयोग गर्छौ ?
- तिमी आफूले जानेका कुरा अरूलाई सिकाउँछौ कि सिकाउँदैनौ ? किन ?

कुनै विद्यार्थीले आँधी हुरी, भूकम्प आदिको अनुभव गरेका रहेनछन् भने तिनीहरूलाई यिनै प्रश्नमा केन्द्रित भई प्रश्न नसोधी अरू नै प्रकारका प्रश्न सोधेर मौखिक वर्णन गर्न लगाउनुहोस् ।

(ख) शिक्षकले यो पाठ पढेर विद्यार्थीलाई सुनाउनुहोस् र विद्यार्थीलाई पनि पालैपालो पढ्न लगाउनुहोस् । यसपछि पहिले सबै विद्यार्थीलाई र पछि एकएक गरी सबैलाई पाठ पढेर सुनाउन लगाउनुहोस् । कुनै विद्यार्थीले राम्ररी पढ्न सक्छन् भने ती विद्यार्थीलाई पढ्न र अरूलाई सुन्न लगाउनुहोस् । विद्यार्थीको पढाइका राम्रा पक्षलाई स्याबासी दिँदै प्रोत्साहन गर्नुहोस् । कमजोर पक्षलाई चाहिँ सुधार गर्न सहयोग गर्नुहोस् । यही पाठमा मात्र केन्द्रित नहुनुहोस् र विभिन्न समयमा आइपर्ने प्राकृतिक विपत्तिबारे पनि तुलनात्मक वर्णन गरिदिनुहोस् । साथै यस्ता विपत्तिबाट बच्ने उपायका बारेमा पनि छलफल गर्नुहोस् ।

(ग) विद्यार्थीले पढेका वेला उनीहरूले उच्चारण गर्न नसकेका शब्द टिपोट गरी तिनको उच्चारण अभ्यास गराउनुहोस् । यस पाठमा विद्यार्थीले छाल, किनार, समुद्र, भुइँचालो, पाखा, सुनामी, विनाश, हुरी आदि थुप्रै शब्दको अर्थ नबुझ्न सक्छन् । यी शब्दका बारेमा प्रश्नोत्तर र छलफल गरेर, चित्र देखाएर, अर्थ बताएर र वाक्यमा प्रयोग गरेर/गराएर शब्दको अर्थ स्पष्ट पारिदिनुहोस् । थप अभ्यास पनि गराउनुहोस् । विद्यार्थीले शब्दको अर्थ जानेनन् भने शिक्षकले शब्दकोशको उपयोग गरी अनेक विकल्प दिएर अर्थ बुझाउनुहोस् ।

(घ) शब्द र वाक्यको अर्थ लगाउँदै पाठको व्याख्या, प्रश्नोत्तर र छलफल गराउनुहोस् । यस कार्यमा विद्यार्थीको सहभागिता र सक्रियतामा विशेष जोड दिनुहोस् ।

(ङ) स्थानीय क्षेत्रका धार्मिक, ऐतिहासिक, पर्यटकीय र अन्य स्थलका बारेमा कसरी पुगिन्छ, कति समय लाग्छ, चिसो वा तातो के छ, महत्त्व के हो जस्ता प्रश्नका माध्यमले विद्यार्थीविद्यार्थीबीच छलफल गराई उनीहरूले जानेका कुरा भन्न अभिप्रेरित गर्नुहोस् । यसै गरी उनीहरूले देखेजानेका प्राकृतिक विपत्तिका बारेमा पनि बताउन लगाउनुहोस् । उनीहरूले भनेका कुरा नमिल्ने भए पनि हतोत्साहन नगर्नुहोस् र सुधारका लागि अभिप्रेरित गराउनुहोस् ।

(च) पाठको अभ्यास नं .१ गराउनुहोस् । यस अभ्यासलाई मौखिक र लिखित दुवै रूपमा गराउनुहोस् ।

(छ) पाठको अभ्यास नं. २ गराउनुहोस् । सबै विद्यार्थीले यस प्रश्नअनुसार वर्णन गर्न नजान्न सक्छन् । उनीहरूलाई स्थानीय क्षेत्रका कुनै प्राकृतिक विपत्तिको बारेमा वर्णन गर्न लगाउनुहोस् । आवश्यक सहयोग पनि गर्नुहोस् । यस्ता विपत्तिबाट बच्ने उपायका बारेमा पनि छलफल गराउनुहोस् ।

(ज) पाठको अभ्यास नं. ३ र ४ गराउनुहोस् र यस्तै अरू अभ्यास बनाएर सबैलाई कक्षाकार्य दिनुहोस् । यी अभ्यास विद्यार्थीका मौखिक अभिव्यक्तिसँग सम्बन्धित भएकाले लेख्नभन्दा बोल्नमै बढी जोड दिनुहोस् । त्यस्तै विभिन्न प्रकारका विपत्ति जनाउने चित्र देखाई तिनको वर्णन गर्न लगाउनुहोस् । चित्र वर्णन गर्ने, विपत्ति वर्णन गर्ने र जोगिने उपायबारेमा बताउने जस्ता सिर्जनात्मक अभ्यास पनि गराउनुहोस् ।

(झ) पाठको अभ्यास नं. ५ गराउनुहोस् । अरू यस्तै शब्दबाट पनि उच्चारण अभ्यास गराउनुहोस् ।

(ञ) पाठ्यपुस्तकको अभ्यास नं. ६ गराउनुहोस् र यसैगरी विद्यार्थीलाई नयाँनयाँ शब्द दिई तिनको अर्थ खोज्न अभिप्रेरित गर्नुहोस् ।

(ट) पाठ्यपुस्तकको अभ्यास नं. ७ गराउनुहोस् । यो अभ्यास गराउनुपूर्व यसैसाथ दिइएको निर्देशन राम्ररी पढ्नुहोस् र भित्तेपात्रो हेर्ने पक्षलाई दैनिक रूपमा नै अभ्यास गराउनुहोस् ।

(ठ) पाठको अभ्यास नं. ८ गराउनुहोस् । यसपूर्व यसैसाथ दिइएको निर्देशन राम्ररी पढ्नुहोस् ।

(ड) पाठको अभ्यास ९ गराउनुहोस् । यो अभ्यास गराउँदा विद्यार्थीको क्षमताअनुसार लिखित र मौखिक रूपमा वाक्य निर्माण गर्न लगाउनुहोस् । अरू शब्द दिएर पनि वाक्यनिर्माण गर्न लगाउनुहोस् ।

(ढ) पाठको अभ्यास नं. १० गराउनुहोस् । यो अभ्यास खेलको रूपमा गराउनुहोस् र उत्कृष्ट विद्यार्थीलाई पुरस्कृत पनि गर्नुहोस् ।

(ण) पाठको अभ्यास नं. ११ गराउनुहोस् । यस्ता अभ्यास दैनिकी लेखनकै रूपमा समेत गराउन सकिन्छ । कक्षाका सबै विद्यार्थीलाई यस्ता अभ्यास गर्न अभिप्रेरित गर्नुहोस् ।

(त) पाठको अभ्यास नं. १२ गराउनुहोस् । अभ्यास गराउँदा विद्यार्थीको स्तर र क्षमताको ख्याल गर्दै बढीभन्दा बढी वाक्यनिर्माण गर्न अभिप्रेरित गर्दै अभ्यास गराउनुहोस् । यहाँ दिइएका बाहेक अन्य प्रकारका संरचना दिएर पनि अभ्यास गराउनुहोस् ।

(थ) पाठ्यपुस्तकको अभ्यास नं. १३ गराउनुहोस् । यस प्रकारका बोध अभ्यास तपाईं आफैँले बनाउन सक्नुहुन्छ । यस्ता पर्याप्त अभ्यास बनाएर आवश्यकतानुसार उपयोग गर्नुहोस् ।

(थ) पाठको अभ्यास नं. १४ गराउनुहोस् ।

## ४. मूल्याङ्कन

(क) माथिका क्रियाकलापका आधारमा विद्यार्थीले शुद्धसँग शब्द तथा वाक्य पढेनपढेको, प्रश्नका उत्तर सही ढङ्गले दिएनदिएको, ख्याल गर्नुहोस् । आवश्यकतानुसार निम्नानुसारका प्रश्न बनाएर सोध्नुहोस् :

- टिल्ली को हुन् ?
- टिल्लीले कसरी मानिस बचाइन् ?
- तिमीलाई कुनै प्राकृतिक विपत्ति परे के गर्छौ ? आदि ।

(ख) विद्यार्थीले आफूले भोगेका विपत्तिको वर्णन गर्न सकेनसकेको, शब्द र वाक्यको अनुलेखन गर्न सकेनसकेको, चित्रवर्णन गरेनगरेको, वाक्यनिर्माण ठीकसँग गरेनगरेको ख्याल गर्दै उनीहरूको भाषिक दक्षताको मूल्याङ्कन गर्नुहोस् ।

## ५. थप सुझाव

(क) कक्षाका सबै विद्यार्थीलाई उनीहरूले देखेजानेका प्राकृतिक प्रकोप र बेच्ने उपाय आदिका बारेमा मौखिक र विद्यार्थीको क्षमताअनुसार लिखित रूपमा समेत वर्णन गर्न लगाउनुहोस् र तत्काल परीक्षण गरी सुधारका उपाय अपनाउनुहोस् ।

(ख) कक्षाका सबै क्षमताका विद्यार्थीलाई बोल्ने, पढ्ने र लेख्ने समान अवसर दिनुहोस् ।